# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७१ | काठमाडौं | आइतबार, २५ असोज २०८३ | Prabhab National Daily | Sunday, 11 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


गगनको राजनीतिक यात्रा

# सडक संघर्षदेखि कांग्रेस सभापतिसम्म

- २०४६ सालको जनआन्दोलनताका विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा सुरु
- २०६२/६३ को जनआन्दोलनमा गणतन्त्रका पक्षमा सडक आन्दोलनमा सक्रिय
- २०५५ सालमा त्रिचन्द्र क्याम्पस स्ववियु सभापति निर्वाचित
- २०५९ सालमा नेविसंघको महामन्त्री
- २०६४ र २०७० सालमा संविधानसभा सदस्य तथा २०७० र २०७४ प्रतिनिधिसभा सदस्य
- २०७३ सालमा स्वास्थ्यमन्त्री, स्वास्थ्य क्षेत्रमा सुधारका पहल
- कांग्रेसभित्र नेतृत्व परिवर्तन, पुस्तान्तरण र संगठन सुधारका पक्षमा सक्रिय
- १२ र १३औं मा केन्द्रीय सदस्य तथा १४औं मा महामन्त्री
- विशेष महाधिवेशनबाट कांग्रेस सभापति निर्वाचित
- १५औं महाधिवेशनबाट छ हजार ५८४ मतसहित पुनः सभापतिमा निर्वाचित
- कांग्रेसलाई एकताबद्ध बनाउने, संगठन सुधार्ने र जनविश्वास फर्काउने प्रमुख चुनौती



> नौजवानहरूको बीचमा गएर हामी भन्नेछौं- नेपाली कांग्रेससँग गौरवशाली इतिहास छ, तर हामी इतिहासको ब्याज खान आएको होइन, हामी इतिहासलाई रटेर पनि बस्दैनौं । हामी नयाँ इतिहास आफैं रच्छौं ।
>
> ■ गगन थापा

■ जेबी योञ्जन

**काठमाडौं–** कुनै बेला राजतन्त्रविरुद्ध सडकमा उत्रिएर गणतन्त्रको पक्षमा आवाज उठाउँदा गगनकुमार थापा आफ्नै पार्टीभित्र अल्पमतमा थिए । नेपाली कांग्रेसले गणतन्त्रलाई औपचारिकरूपमा स्वीकार गरिसकेको थिएन । तर, थापा सडकमा थिए । प्रहरीको लाठी खाए । टाउको फुट्यो । रगत बग्यो । तर, आफ्नो राजनीतिक अडानबाट पछि हटेनन् ।

समय फेरियो । राजतन्त्रको अन्त्य भयो । देश गणतन्त्रमा प्रवेश गर्‍यो । अहिले तिनै थापा नेपाली कांग्रेसको सभापतिमा निर्वाचित भएका छन् । आठ दशक लामो इतिहास बोकेको पार्टीको नेतृत्वमा उनको आगमन एउटा पद प्राप्तिको घटनामात्रै होइन, कांग्रेसभित्र पुस्तान्तरण र राजनीतिक परिवर्तनको नयाँ अध्याय पनि भएको बताउँछन् राजनीतिक विश्लेषक डा. भेषराज घिमिरे ।

उनका अनुसार २०६२/६३ को दोस्रो जनआन्दोलनमा गणतन्त्रका पक्षमा सडकमा उत्रिएका युवा नेतामध्ये थापा अग्रपंक्तिमा थिए । त्यतिबेला कांग्रेसभित्र गणतन्त्रको बहस चलिरहेको थियो । नेता नरहरि आचार्यले पार्टीभित्र वैचारिक र राजनीतिक तहबाट गणतन्त्रको पक्षमा माहोल बनाइरहेका थिए । थापा भने सडकबाट आवाज बुलन्द गरिरहेका थिए ।

क्रमशः पृष्ठ २ मा

# बैंकिङ सेवामा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय सर्वोच्चद्वारा बदर

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले बैंक तथा वित्तीय संस्थामा ग्राहक पहिचान (केवाइसी) अद्यावधिक गर्दा वा बैंकिङ सेवा लिँदा राष्ट्रिय परिचयपत्र (एनआइडी) लाई 'एकमात्र आधार' बनाउने बाध्यकारी व्यवस्थालाई बदर गरिदिएको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र मेघराज पोखरेलको संयुक्त इजलासले शुक्रबार अधिवक्ता सरिता अधिकारीले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको उक्त बाध्यकारी व्यवस्थालाई उत्प्रेषणको आदेशमार्फत बदर गरेको हो ।

> राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नभएसम्म नागरिकता प्रमाणपत्रलगायतका अन्य पहिचानका दस्तावेजको दुई चरणको प्रमाणीकरणका आधारमा बैंकिङ सेवा प्रवाह गर्नू ।
>
> ■ सर्वोच्च अदालत

राष्ट्र बैंकको एकीकृत निर्देशिकामा ग्राहक पहिचान अद्यावधिक गर्न वा मोबाइल नम्बर परिवर्तन गर्न राष्ट्रिय परिचयपत्र वा त्यसको नम्बर अनिवार्य पेस गर्नुपर्ने व्यवस्था गरिएको थियो । सोहीबमोजिम बैंक तथा वित्तीय संस्थाहरूले यही असोज मसान्तभित्र एनआइडी नम्बर अनिवार्य अद्यावधिक गर्न आफ्ना सेवाग्राहीहरूलाई सूचित गराएका थिए । यसले गर्दा देशभरका ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, प्राविधिक पहुँच नभएका र दूरदराजका सर्वसाधारण नागरिक आफ्नो पुरानो बैंक खाता सञ्चालन गर्न र वित्तीय सेवा उपयोग गर्नबाट वञ्चित हुनुपरेको दाबी रिटमा गरिएको थियो ।

क्रमशः पृष्ठ २ मा


हार्दिक मंगलमय शुभकामना

विपद्बाट सुरक्षित रहौं, सामान्य रूपमा चाडपर्व मनाऔं ।

नेपालीहरूको महान चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८३ र नेपाल सम्वत ११४७ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

नेपालीहरूको महान चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८३ र नेपाल सम्वत ११४७ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
सुविधा ग्यासका उत्पादक
मारुति ग्यास उद्योग प्रा. लि. सोनापुर, सुनसरी

नेपालीहरूको महान चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८३ र नेपाल सम्वत ११४७ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
TRANSNEPAL TRS LOGIPARK

नेपालीहरूको महान चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८३ र नेपाल सम्वत ११४७ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
डा. ज्ञानेन्द्र मान सिंह कार्की
अध्यक्ष
एवम्
बिराटनगर अस्पताल प्रा.लि. परिवार
(बिराट नर्सिङ्ग होम)

नेपालीहरूको महान चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८३ र नेपाल सम्वत ११४७ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
देवकीनन्दन शर्मा
अध्यक्ष, विराटनगर भंसार एजेण्ट संघ, मोरङ ।

नेपालीहरूको महान चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८३ र नेपाल सम्वत ११४७ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कोशी ग्यास उद्योग प्रा. लि.
हात्तिमुडा, बुढीगंगा गाउँपालिका, मोरङ ।

महेश मिश्र
अध्यक्ष एवम्
निर्माण व्यवसायी संघ मोरङ परिवार, विराटनगर

नेपाल विद्युत प्राधिकरण
विराटनगर वितरण केन्द्र, विराटनगर मोरङ
विद्युत सेवा सबैको अधिकार
घरमै बसी बिजुलीको बिल भुक्तानी गर्नुहोस्
अब तपाईंको सुविधाको लागि NEA को बिल भुक्तानी eSewa, Khalti, ConnectIPS र Mobile Banking App बाट सजिलै गर्न सक्नुहुन्छ ।

भौतिक पूर्वाधारको संरक्षण गरौं, असल नागरिकको पहिचान दिऔं।
खरानन्द इसर
कार्यालय प्रमुख, पूर्वाधार विकास कार्यालय, मोरङ ।

टिकाराम पुरी
प्रिन्सिपल
एभरेष्ट कलेज एवम् एभरेष्ट सेकेण्डरी स्कुल, विराटनगर ५

राजन श्रेष्ठ
अध्यक्ष, हान कोशी प्रदेश
तथा होटल स्वागतम परिवार, विराटनगर ।

सुयश प्याकुरेल
प्रबन्ध निर्देशक, एम एम प्लाष्टिक, विराटनगर

जे बी ट्रान्सपोर्ट
विराटनगर ।

पाथिभरा स्टोनेक्स प्रा. लि.
मुनालपथ, विराटनगर । फो. नं. ०२१-५११५६५

रोशन खड्का
होटल मनास्लु इन, विराटनगर ४

पशुपति खाद्य तेल उद्योग प्रा. लि. विराटनगर
तथा सम्पूर्ण उद्योग परिवार

प्रिन्सिपल तथा मेरिल्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर

hilife SHOES & SLIPPERS
हाईलाइफ शुज एण्ड स्लिपर्स
विराटनगर

अध्यक्ष सन्तोष धिताल एवम्
महासचिव रुद्र कार्की
पेट्रोलियम डिलर्स एशोसिएशन कोशी परिवार विराटनगर

पुण्य भट्टराई, अध्यक्ष, नाटा, कोशी प्रदेश
तथा होटल एशियाटिक परिवार, विराटनगर ।

रमेश कुमार मिश्र, प्राचार्य
डि.ए.भि. स्कुल विराटनगर एवम् विद्यालय परिवार

सिताराम अग्रवाल, अध्यक्ष, पूर्वाञ्चल प्लाईउड संघ
तथा प्लाईउड संघ परिवार ।

बाग्मती प्लाष्टिक इण्डष्ट्रिज प्रा. लि.
विराटनगर

अध्यक्ष शत्रुधन यादव, अध्यक्ष एवम् पूर्वाञ्चल पेट्रोलियम ढुवानी व्यवसायी संघ, कोशी परिवार विराटनगर

सतर्क रहौं, सुरक्षित रहौं ।
स्वास्थ्य सतर्कता अपनाएर चाडपर्व मनाऔं ।
डा. चन्द्रभाल झा
डा. सुमित घिमिरे
मेडिकल सुपरिण्टेण्डेण्ट अध्यक्ष, कोशी अस्पताल विकास समिति,
कोशी अस्पताल, विराटनगर

विश्वशनियताको प्रतिक
आर्या न्यूरो हस्पिटल
कञ्चनवारी, विराटनगर
फोन: ०२१-४६१६३९











सन्दर्भः वैदेशिक रोजगार

# श्रम गन्तव्य मुलुकको ध्यान उच्च दक्ष जनशक्तिमा, नेपालबाट लाखौं अदक्ष श्रमिक जाँदै



फाइल तस्बिर

- गन्तव्य मुलुकले दक्ष जनशक्तिलाई प्राथमिकता दिइरहँदा नेपालले श्रमिक पठाउने परम्परागत प्रवृत्तिमा उल्लेख्य सुधार गर्न सकेको छैन
- सीपयुक्त जनशक्ति उत्पादन गर्दै वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने सरकारी नीति व्यवहारमा फितलो

■ ममता थापा

**काठमाडौं–** श्रम गन्तव्य मुलुकहरूले उच्च दक्षता भएका आप्रवासी श्रमिक भित्र्याउन आप्रवासन नीतिहरू परिमार्जन गरिरहँदा नेपालका लागि भने दक्ष जनशक्ति उत्पादन गर्नु चुनौतीपूर्ण बनेको छ ।

गत सातामात्र नेपालीहरूको प्रमुख रोजगार गन्तव्य साउदी अरब र मलेसियाले विदेशी दक्ष जनशक्ति आकर्षित गर्न करिअरमैत्री सुविधाहरू विस्तार गरे । तर नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको ठूलो हिस्सा भने अझै पनि अदक्ष र अर्धदक्ष श्रमिकले ओगटेको छ ।

साउदीले गत मंगलबार योग्यता पुगेका उच्च दक्ष विदेशी कामदारले आफूसँगै परिवारका सदस्यको प्रवेश भिसाको प्रक्रिया अघि बढाउन सक्ने सुविधा ल्यायो । उक्त मुलुकले भिजन २०३० अन्तर्गत प्रविधि, स्वास्थ्य, पूर्वाधार र अन्य क्षेत्रमा ठूलो लगानी गरेर विशिष्ट जनशक्ति भित्र्याउने प्रयास गरिरहेको छ । यसर्थ पारिवार लैजान पाउने व्यवस्थाले यस्ता जनशक्तिलाई आफ्नो मुलुकमा थप आकर्षित गर्न र लामो समयसम्म टिकाइ राख्न प्रभावकारी हुने जनाइएको छ ।

साथै, मलेसियाले पनि शुक्रबार सन् २०२७ को बजेट सार्वजनिक गर्दै आउने जनवरी १ देखि श्रेणी-१ को रोजगार पास भएका विदेशी कामदारका डिपेण्डेन्टलाई निश्चित सर्तमा काम गर्न दिने घोषणा गरेको छ । श्रेणी-१ भिसा उच्च दक्ष जनशक्तिका लागि दिइने लामो समयको कार्यभिसा हो । मलेसियाले अन्तर्राष्ट्रिय कम्पनी र दक्ष जनशक्ति आकर्षित गर्न करमा सहुलियतसमेत दिने भएको छ । यी पछिल्ला प्रावधानले विशिष्ट कामदारको पारिवारिक जीवन, दीर्घकालीन बसोबासलाई समेत गन्तव्य मुलुकले महत्त्व दिएको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

# चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू गर्न निर्देशन

**काठमाडौं (प्रस)**– नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । महानिरीक्षक कार्कीले शनिबार 'भर्चुअल' माध्यममार्फत प्रहरी कर्मचारीलाई सम्बोधन गर्दै नजिकिँदै गरेका महान् चाडपर्वलाई लक्षित गरी विशेष सुरक्षा योजना अवलम्बन गर्न र प्रभावकारी रूपमा प्रहरी परिचालन गर्न निर्देशन दिएका हुन् ।



उनले चाडपर्वका समयमा हुनसक्ने चोरी, लुटपाटलगायत आपराधिक गतिविधि नियन्त्रण गर्न उच्च सतर्कताका साथ काम गर्नुपर्ने बताए । प्रहरी महानिरीक्षक कार्कीले नागरिकका समस्या समयमै सम्बोधन गर्दै प्रहरी सेवा थप प्रभावकारी, व्यावसायिक, उत्तरदायी र जवाफदेही बनाउनुपर्नेमा जोड दिए ।

उनले आ-आफ्नो जिम्मेवारी क्षेत्रको सुरक्षा व्यवस्थापनका लागि आवश्यक योजना निर्माण गरी स्थानीय तह तथा सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्नुपर्ने बताए । चाडपर्वका समयमा हुनसक्ने सवारी दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो ।

यस्तै, सीमानाकामा हुनसक्ने आपराधिक गतिविधि तथा तस्करी नियन्त्रण र फरार प्रतिवादी पक्राउलाई प्राथमिकतामा राख्न उनले आग्रह गरे । अपराध नियन्त्रणका लागि सूचना संकलन तथा विश्लेषणलाई प्रभावकारी बनाउँदै आवश्यकताअनुसार प्रहरी परिचालन गर्नुपर्ने उनको भनाइ थियो ।

प्रहरी महानिरीक्षक कार्कीले प्रहरी कर्मचारीलाई व्यावसायिक मर्यादा र अनुशासन पूर्णरूपमा पालना गर्न तथा सामाजिक सञ्जाल प्रयोगमा संवेदनशील हुन आग्रह गरे । गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरी कर्मचारीलाई कानुनी दायरामा ल्याइने उनको भनाइ थियो । कार्यक्रममा केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेलगायत वरिष्ठ प्रहरी अधिकारी तथा देशभरका विभिन्न प्रहरी कार्यालयका प्रमुख र प्रतिनिधिहरूको भर्चुअल उपस्थिति थियो ।

# नयाँ बसपार्कमा दसैंका यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण

**काठमाडौं (प्रस)**– गोंगबुस्थित नयाँ बसपार्कमा चाडपर्वमा घर जाने यात्रुलाई लक्षित गरी निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ । काठमाडौं महानगरपालिकाको महानगर प्रहरी बलले घर जाने यात्रुलाई लक्षित गरी निःशुल्क स्वास्थ्य परीक्षण सुरु गरेको हो ।

महानगर प्रहरी बल नयाँबसपार्कका प्रमुख महानगर प्रहरी नायब उपरीक्षक प्रकाश पण्डितले काठमाडौं महानगरपालिका स्वास्थ्य सेवा विभागमार्फत चाडपर्वमा घर जाने यात्रुलक्षित गरी निःशुल्क स्वास्थ्य जाँच सुरु गरिएको जानकारी दिए । महानगरले उक्त कक्षबाट रक्तचाप र मधुमेह परीक्षण, झाडापखालाको औषधि वितरण गरिरहेको उनको भनाइ छ ।

उक्त सेवा दसैंभरि सञ्चालन हुने महानगर कार्यालयले जनाएको छ । नयाँ बसपार्कमा हुने भीडभाड नियन्त्रणका लागि महानगर प्रहरीसमेत परिचालन गरिएको छ । प्रहरीले भीडभाड नियन्त्रणका साथै यात्रुलाई सहजैरूपमा गन्तव्यस्थलसम्म पुग्नका लागि सहजीकरण गर्ने छ ।

नयाँ बसपार्क सञ्चालन गरेको ल्होत्से बहुउद्देश्यीय प्रालिका मानव संसाधन प्रमुख पंकज मल्लले नयाँ बसपार्कमा केही दिनदेखि चाडपर्वका निम्ति घर जाने यात्रु बढेको बताए । उनले अरू समयमा प्रत्येक दिन पाँचदेखि छ हजार यात्रु काठमाडौंबाट बाहिर जाने गरेकामा हाल उक्त संख्या तेब्बरसम्म पुगेको बताए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/२५ गते**

यस कम्पनीको मिति २०८३/०६/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **एड.फर्मेशन प्रा.लि.**को नाम परिवर्तन गरी **इन्फ्लुएन्सर क्लब प्रा.लि. (दर्ता नम्बर ११४५८५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/२५ गते**

यस कम्पनीको मिति २०७९/०५/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ग्लाइडर कन्सलटेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **ग्लाइड हेल्थकेयर कन्सल्टिङ्ग प्रा.लि. (दर्ता नम्बर २८१४३८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०६/०२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२५ गते**

यस कम्पनीको मिति २०८३/०६/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **भोयज ग्लोबल एजुकेसन प्रा.लि.**को नाम परिवर्तन गरी **आराकावा करियर कन्सल्टेन्सी प्रा.लि.(दर्ता नम्बर २८७१८९)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकृत वारेसनामा बदरको सूचना

देशरत्न स्थापितको नाती हिराकाजी स्थापितको छोरा का.जि.का.म.न.पा.वडा नं. २५ वस्ने वर्ष ६१ को नरेश स्थापित (ना.प्र. नं. १३९७ मिति २०४७।०५।१४ जि.प्र.का. काठमाडौं) वादी संगिता योन्जन र प्रतिवादी म समेत भइ श्री काठमाडौं जिल्ला अदालतमा विचाराधिन रहेको मुद्दा नं.०८२-CP-११८१ को करारको परिपालना गरिपाउँ मुद्दा मिति २०८२/०९/१४ गतेको पेशी तारेख तोकिएको तारेखमा उपस्थित भइ, तारेखमा बसी तथा भविश्यमा मेरो तर्फबाट कोही कसै उपर कुनैपनि मुद्दाको फिराद दर्ता गर्न, म उपर दायर हुने कुनैपनि मुद्दामा आवश्यकता अनुसार फिराद दावी, प्रतिउत्तर जिकिर लगायत मुद्दा फिर्ता लिने, जुनसुकै व्यहोराले मिलापत्र गर्ने, फैसला उपर पुनरावेदन गर्ने, मेरो नाममा जारी हुने म्याद बुझ्ने तथा फैसला भएपछि फैसला बमोजिमको चलन चलाउने, बिगो भराउन सम्बन्धित अदालतमा फैसला कार्यान्वयन गर्ने लगायतका अन्य आवश्यक कानुनी काम कारवाही किनारा तथा ऐन वमोजिमको सम्पूर्ण कार्य गर्नको लागि निमा तामाङ्गको नाती ग्याले तामाङ्गको छोरा जि.सिन्धुपाल्चोक गुन्सा गा.वि.स.वडा नं.७ को परिवर्तित पाँचपोखरी थाङपाल गा.पा.वडा नं.५ बस्ने वर्ष ५५ को खण्डु दोर्जे तामाङ्ग (ना.प्र.नं. ११६४/५३५४१ मिति २०४५/११/१७ जि.प्र.का. सिन्धुपाल्चोक) लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ (१)(२)(३) बमोजिम मिति २०८२ साल पुष महिना ०२ रोज ४ मा श्री काठमाण्डौ जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त अधिकृत वारेसनामा बदर गरिएको हुँदा निजले आजका मितिदेखि उक्त अधिकृत वारेसको हैसियतले गर्ने कुनै पनि काम कारवाही मान्य नहुने गरी सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १५५ (१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**–नरेश स्थापित**


पृष्ठ १ बाट क्रमशः

## सडक संघर्षदेखि ...

उता एमालेकी तत्कालीन युवा नेतृ रामकुमारी झाँक्री पनि राजतन्त्रविरुद्धको आन्दोलनमा सक्रिय थिइन् । माओवादीले सशस्त्र युद्धमार्फत राजतन्त्रको अन्त्य र गणतन्त्रलाई आफ्नो राजनीतिक एजेण्डा बनाएको थियो । अन्ततः माओवादी र कांग्रेस, एमालेसहितका आठ राजनीतिक दल एक ठाउँमा उभिए । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध १९ दिनसम्म चलेको जनआन्दोलनले राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको बाटो खोल्यो ।

त्यही आन्दोलनले थापालाई परिवर्तनका पक्षमा उभिने युवा नेताका रूपमा स्थापित गरेको डा. घिमिरे बताउँछन् । अहिले उनी त्यही परिवर्तनका लागि संघर्ष गरेको दलको सर्वोच्च नेतृत्वमा पुगेका छन् । थापाको राजनीतिक यात्रा २०४६ सालको जनआन्दोलनकै समयदेखि सुरु भएको थियो । त्यतिबेला उनी वनस्थली स्कुलमा कक्षा ९ मा पढ्थे । किशोरावस्थामै राजनीतिप्रति चासो बढेपछि उनी बाल कांग्रेसको क्रियाशील सदस्य बने । क्याम्पस पढ्न थालेपछि नेपाल विद्यार्थी संघ (नेविसंघ) को राजनीतिमा सक्रिय भए ।

२०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्यमा निर्वाचित भएका थापा २०५३ सालमा सचिव र २०५५ सालमा सभापति बने । त्यसपछि उनको राजनीतिक यात्रा अझ तीव्र भयो । २०५७ सालमा नेविसंघको उपसभापति र २०५९ सालमा महामन्त्री बने ।

तत्कालीन राजा ज्ञानेन्द्रले जननिर्वाचित शेरबहादुर देउवा सरकार अपदस्थ गरी शासनसत्ता आफ्नो हातमा लिएका बेला थापा नेविसंघको महामन्त्री थिए । लोकतन्त्रको पुनःस्थापनाका लागि भएका आन्दोलनमा उनको सक्रियता बढ्यो । सडकमा बोल्ने, पार्टीभित्र प्रश्न गर्ने र सार्वजनिक बहसमा आफ्नो धारणा राख्ने नेताका रूपमा उनले छुट्टै पहिचान बनाए । २०३३ साल साउन ४ गते सोलुखुम्बुमा जन्मिएका थापाले समाजशास्त्रमा स्नातकोत्तर गरेका छन् । डाक्टर वा इञ्जिनियर बन्ने चाहना राखेका उनी राजनीतिमा लागेपछि भने निरन्तर यही क्षेत्रमा सक्रिय रहे ।

२०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा समानुपातिक प्रणालीबाट संविधानसभा सदस्य बनेका थापा २०७० सालमा काठमाडौं-४ बाट प्रत्यक्ष निर्वाचित भए । त्यसपछि २०७४ र २०७९ सालका प्रतिनिधिसभा निर्वाचनमा पनि उनी यही क्षेत्रबाट विजयी भए । संविधानसभामा कृषि तथा जलस्रोत समितिको सभापति बनेका उनले संसद्मा पनि आफ्नो उपस्थिति बलियो बनाए ।

२०७३ सालमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेपछि उनको राजनीतिक परिचय सरकारको जिम्मेवारीसँग पनि जोडियो । मिर्गौला रोगको उपचार तथा प्रत्यारोपणमा सहुलियत, सरकारी अस्पतालमा आफ्नै फार्मेसी सञ्चालन, निःशुल्क औषधिको उपलब्धता र गम्भीर रोगका बिरामीलाई आर्थिक सहायता दिने कार्यक्रम उनको कार्यकालसँग जोडिन्छन् ।

तर, थापाको राजनीतिक यात्रा सधैं सहज रहेन । पार्टीभित्रै नेतृत्वसँग असहमति राख्ने उनको शैलीले उनलाई चर्चामा राख्यो । २०८१ असारमा कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच सत्ता साझेदारीका लागि सातबुँदे सहमति भएपछि थापाले असन्तुष्टि जनाए । संसद्का ठूला दल मिलेर सरकार बनाउँदा प्रभावकारी प्रतिपक्ष कमजोर हुन सक्ने उनको तर्क थियो ।

### नेतृत्व परिवर्तनको अभियान र सफलता

कांग्रेसभित्र लामो समयदेखि नेतृत्व परिवर्तनको बहस चलिरहेको थियो । जेन-जी आन्दोलनपछि यो माग झन् बलियो बन्यो । पार्टीको नेतृत्व, कार्यशैली र राजनीतिक जवाफदेहितामाथि प्रश्न उठ्न थाले ।

यही परिस्थितिमा थापाले विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तनको अभियान अघि बढाए । गत वर्षको पुस अन्तिम साता विशेष महाधिवेशनबाट सभापति निर्वाचित भएपछि कांग्रेसको नेतृत्वमा देउवा युगको अन्त्यतर्फको राजनीतिक प्रक्रिया अघि बढ्यो ।

यद्यपि, पार्टीभित्रको विवाद पूर्णरूपमा समाप्त भएन । नेतृत्वको वैधानिकता र संगठनात्मक आधिकारिकतासम्बन्धी असहमति बाँकी नै रहे । त्यसैले थापाका लागि सभापति बन्नु जति महत्त्वपूर्ण थियो, पार्टीलाई एकताबद्ध बनाउनु पनि उत्तिकै चुनौतीपूर्ण रह्यो । १५औं महाधिवेशनबाट सभापतिमा निर्वाचित भएपछि थापाले आफ्नो नेतृत्वलाई महाधिवेशन प्रतिनिधिहरूको मतबाट अनुमोदन गराएका छन् । उनले छ हजार ५८४ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत पाए । यो परिणामले पार्टीभित्र थापाको नेतृत्वलाई समर्थन प्राप्त भएको देखाउँछ ।

■■■

## बैंकिङ सेवामा...

सर्वोच्च अदालतले उक्त रिटको पक्षमा फैसला गर्दै दिएको आदेशमा भनिएको छ, 'राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नभएसम्म नागरिकता प्रमाणपत्रलगायतका अन्य पहिचानका दस्तावेजको दुई चरणको प्रमाणीकरणका आधारमा बैंकिङ सेवा प्रवाह गर्नू ।'

यसका साथै अदालतले नागरिकको व्यक्तिगत विवरण र डेटाको पूर्ण सुरक्षा, गोपनीयताको प्रत्याभूति तथा डिजिटल अधिकारको संरक्षणका लागि एक अलग्गै र स्वतन्त्र डेटा संरक्षणसम्बन्धी ऐन निर्माणको प्रक्रिया अघि बढाउन विपक्षी निकायहरूका नाममा निर्देशनात्मक आदेशसमेत जारी गरेको छ ।

उक्त मुद्दामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, नेपाल राष्ट्र बैंक र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकलाई विपक्षी बनाइएको थियो । सर्वोच्चको यो आदेशसँगै राष्ट्रिय परिचयपत्र नबनिसकेका नागरिकले पनि अब नागरिकताकै आधारमा सहजरूपमा बैंकिङ सेवा पाउने बाटो खुला भएको छ ।

■■■

## श्रम गन्तव्य...

गन्तव्य मुलुकले दक्ष जनशक्तिलाई प्राथमिकता दिइरहँदा नेपालले श्रमिक पठाउने परम्परागत प्रवृत्तिमा उल्लेख्य सुधार गर्न सकेको छैन । वैदेशिक रोजगार विभागको गत आर्थिक वर्ष २०८२/८३ को तथ्यांकअनुसार सात लाख ९२ हजार १८७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

तीमध्ये एक लाख ९० हजार २६४ जना अर्थात् २४.०१ प्रतिशत श्रमिक कुनै सीप नसिकी रोजगारीमा गएका थिए । सीपयुक्त भएर चार लाख ८२ हजार ६४३ जना अर्थात् ६०.९२ प्रतिशत जाँदा एक लाख १४ हजार ६१४ जना अर्धदक्ष कामदार विदेसिएका थिए । उच्च दक्ष श्रमिक एक हजार ९६ जना (०.१ प्रतिशत) मात्र रोजगारीमा गएका थिए ।

मुलुकबाट श्रम स्वीकृति लिएर जाने दक्ष श्रमिकको संख्या उल्लेख्य देखिए पनि उच्च दक्ष जनशक्तिको हिस्सा निकै कम छ । सरकारले सीपयुक्त जनशक्ति उत्पादन गर्दै वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने नीति पनि लिएको छ । जसका लागि राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ जारी गरिएको छ ।

त्यस्तै, सोह्रौं योजनाले अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुसार व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने, गन्तव्य मुलुकका मापदण्डबमोमिज तालिमको गुणस्तर सुधार्ने र स्वदेश तथा विदेशमा सिकेका सीपको प्रमाणीकरण गर्ने कुरालाई प्राथमिकता दिएको छ । युवा, श्रम, तथा रोजगार मन्त्रालयले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागअनुसार प्रतिस्पर्धी जनशक्ति तयार गर्ने र तालिमलाई रोजगारीसँग जोड्ने लक्ष्य लिएको छ ।

तर नीतिमा भएका घोषणाअनुसारको परिणाम श्रमबजारमा देखिएको छैन । नेपालले उच्च दक्षता भएका जनशक्ति वृद्धि गर्न निर्माण, स्वास्थ्य, औद्योगिक उत्पादन, सूचना प्रविधि, इञ्जिनियरिङ, प्राविधिक सेवालगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय मागको अध्ययन गरेर जनशक्ति उत्पादन गर्नुपर्ने देखिन्छ । हाल मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणको हिस्सा करिब ३० प्रतिशत छ । रोजगारीमा जाने श्रमिकको संख्यासँगै सीप र पारिश्रमिकको स्थितिमा पनि वृद्धि भए मुलुकको अर्थतन्त्र थप बलियो बन्ने देखिन्छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २५ असोज, २०८३

| | |
|---|---|
| **मेष** | कामामा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |
| **कर्कट** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| **सिंह** | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| **कन्या** | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| **तुला** | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृश्चिक** | महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| **धनु** | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| **मकर** | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| **कुम्भ** | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| **मीन** | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ असोज, २०८३ (११ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.५५ | १५५.१५ |
| युरो | १ | १७३.०२ | १७३.६९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.४२ | २०५.२१ |
| स्विस फ्रैन्क | १ | १८५.५० | १८६.२२ |
| अस्ट्रेलियन डलर | १ | १०७.६८ | १०८.१० |
| क्यानाडियन डलर | १ | १०८.६७ | १०९.०९ |
| सिङगापुर डलर | १ | १२०.७६ | १२१.२३ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०५ | २३.१४ |
| साउदी अरब रियाल | १ | ४१.१७ | ४१.३३ |
| कतारी रियाल | १ | ४२.४० | ४२.५६ |
| थाई भाट | १ | ४.५९ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०८ | ४२.२४ |
| मलेसियन रिङेट | १ | ३७.८१ | ३७.९५ |
| दक्षिण कोरियन वन | १०० | ११.५५ | ११.६० |
| स्विडिस क्रोनर | १ | १५.४० | १५.४६ |
| डेनिस क्रोनर | १ | २३.१५ | २३.२४ |
| हङकङ डलर | १ | १९.६९ | १९.७७ |
| कुवेती दिनार | १ | ५०१.५४ | ५०३.४९ |
| बहराइन दिनार | १ | ४०९.९२ | ४११.५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**माटोका भाडा किनबेच** | भक्तपुर नगरपालिका-३ नासमनामा शनिबार घटस्थापना (आज)का लागि माटोको भाँडा किनबेच गरिँदै । भक्तपुरमा घटस्थापनाको दिन घरमा माटोको भाडामा जमरा राख्ने परम्परा छ । *तस्बिरः रासस*

# बाढीप्रभावितको मानसिक स्वास्थ्यमा ध्यान दिन जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विनाशकारी बाढीबाट प्रभावित समुदायको मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्यालाई सम्बोधन गर्नुपर्नेमा जानकार एवं सरोकारवालाहरूले जोड दिएका छन् ।

विश्व मानसिक स्वास्थ्य दिवसका अवसरमा तरंगिनी महिला अधिकार प्रशिक्षण केन्द्र (तरंगिनी फाउण्डेसन)ले शनिबार यहाँ आयोजना गरेको 'बाढीपछिको मानसिक स्वास्थ्यको वर्तमान अवस्था र आगामी बाटो' विषयक छलफलका वक्ताहरूले बाढीप्रभावितको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुको मानसिक स्वास्थ्य शाखाका टेकराज डिसीले बाढीप्रभावित समुदायमा देखिएका मनोसामाजिक समस्या समाधानका लागि सबै तह र तप्काबाट सहयोग र सहकार्य आवश्यक रहेको बताए ।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले मानवीय क्षतिका साथै घर तथा सम्पत्तिमा क्षति पुऱ्याएको उल्लेख गर्दै उनले स्थानीयवासीको जीविकोपार्जनमा अवरोध सिर्जना हुनुका साथै कतिपय विस्थापित हुनुपरेको बताए । यस्तो अवस्थामा प्रभावित व्यक्तिलाई आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित सबै निकाय सक्रिय हुनुपर्ने उनको भनाइ थियो ।

> बाढीका कारण आफन्त तथा सम्पत्ति गुमाउनु, बसोबासको अनिश्चितता, जीविकोपार्जनमा कठिनाइ र भविष्यप्रतिको चिन्ताले प्रभावित समुदायको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।

मनोचिकित्सक डा. पुष्पप्रसाद शर्माले बाढीका कारण आफन्त तथा सम्पत्ति गुमाउनु, बसोबासको अनिश्चितता, जीविकोपार्जनमा कठिनाइ र भविष्यप्रतिको चिन्ताले प्रभावित समुदायको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने बताए ।

'यस्तो अवस्थामा शोक, तनाव, चिन्ता, असुरक्षा तथा अन्य मनोसामाजिक समस्यालाई सम्बोधन गर्न आवश्यक छ । प्रभावित समुदायको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्छ,' उनले भने ।

छलफलका क्रममा काउन्सिलर निर्मला काफ्ले, मिलन कार्की, प्रज्ञा श्रेष्ठलगायतले बाढीपछि प्रभावित व्यक्तिले भोग्नुपरेका समस्या तथा उनीहरूको वर्तमान अवस्थाबारे आफूले देखेका र अनुभव गरेका विषय प्रस्तुत गरेका थिए । फाउण्डेसनकी कार्यक्रम संयोजक बबिता बरालले संस्थाले संघीय संरचनाअनुसार तीनै तहका सरकारसँग समन्वय र सहकार्य गर्दै लैंगिक समानता, महिला सशक्तीकरण तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्दै आएको जानकारी दिइन् । उनका अनुसार फाउण्डेसनले स्थापनाकालदेखि नै महिलाको कामको सम्मान, मानसिक स्वास्थ्य, आफ्नो शरीरमाथिको नियन्त्रण तथा पहिचानका सवालमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।

बाढीपछिको अवस्थामा प्रभावित समुदायको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आवश्यक सहयोगका कार्यक्रम अघि बढाउने, सरोकारवाला निकायबीच सहकार्य सुदृढ गर्ने तथा आगामी दिनमा अपनाउनुपर्ने कार्यदिशा तय गर्ने उद्देश्यले छलफल आयोजना गरिएको बरालले बताइन् । कार्यक्रममा मानसिक स्वास्थ्य तथा मनोसामाजिक क्षेत्रका विज्ञ, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना !**

**Akash International** द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | Aw225pcm- R | AWAI | Refrigerator | 225lt | 38,000/- | |

**AKASH INTERNATIONAL** | Kuleshwor, Kathmandu, Nepal, Ph : 01-4302480


मानवअधिकार आयोगले भन्यो-

# मानसिक स्वास्थ्य सेवालाई सर्वसुलभ र विभेदरहित बनाऊ

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले संविधान तथा कानुनले प्रत्यभूत गरेको स्वास्थ्यको अधिकार सुनिश्चत गरी मानसिक स्वास्थ्यमा सबैको सहज पहुँच सुनिश्चित गर्न सरोकारवालासँग आग्रह गरेको छ ।

विश्व मानसिक स्वास्थ्य दिवसका सन्दर्भमा शनिबार प्रेस विज्ञप्ति जारी गर्दै आयोगले मानसिक स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय तथा विभेदरहित बनाउन आग्रह गरेको हो । आयोगले सबै स्थानीय तहमा स्थानीय मनोसामाजिक परामर्श एवं विमर्श प्रदान गर्ने जनशक्ति व्यवस्था गर्न र प्रभावितको गोपनीयता, आत्मसम्मान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न तीनै तहका सरकार र सबै पक्षसँग अनुरोध गरेको छ ।

अक्टोबर १० तारिखका दिन शनिबार विश्वभर 'भोगाइलाई सुनौं, आवाजलाई सम्मान गरौं, परिवर्तनको सुरुवात गरौं' भन्ने नाराका साथ मानसिक स्वास्य दिवस मनाइएको छ । नेपालमा मानसिकरूपमा अस्वस्थ हुन पुगेका नागरिकको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको अधिकार सम्मानित र सुरक्षित हुन नसकेकामा आयोगले चिन्ता व्यक्त गरेको छ ।

मानसिक समस्याबाट पीडित व्यक्तिको आवाज एवं भोगाइप्रतिको बेवास्ता र त्यसबाट उत्पन्न दुर्व्यवहार र विभेदका कारण उनीहरूको अधिकार सम्मानित र संरक्षित हुन नसकेको अनुगमनबाट देखिएको आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । मानसिक स्वास्थ्य सेवामा सीमित पहुँच, सामाजिक लाञ्छना, विभेद, आर्थिक कठिनाइ तथा मनोसामाजिक सहयोगको अभावले प्रभावित व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रभावित भइरहेको आयोगको ठहर छ ।

# नासः धिमे खलः बन्यो धिमेबाजा प्रतियोगिताको विजेता

**भक्तपुर (प्रस)–** सूर्यविनायक नगरपालिका-१ सिरुटारको नासः धिमे खलः सूर्यविनायक नगरस्तरीय धिमेबाजा प्रतियोगिता-२०८३ को विजेता बनेको छ । विजेता खलःले ७५ हजार रुपैयाँ पुरस्कार हात पारेको छ ।

शनिबार सूर्यविनायक गणेश मन्दिर परिसरमा सूर्यविनायक नगरपालिकाले आयोजना गरेको धिमेबाजा प्रतियोगितामा नगद पुरस्कारसहित प्रमाणप्रत्र तथा ट्रफी प्राप्त गरेको हो । सूर्यविनायक-१ कै लुनिभा धिमे बाजा खलःले दोस्रो हुँदै ५० हजार रुपैयाँ पुरस्कारसहित प्रमाणपत्र तथा ट्रफी प्राप्त गरेको छ ।

नगरभित्रका १३ वटा धिमे बाजा टोलीको प्रतिस्पर्धामा वडा नं १० को सिमलटार बाजा खलले तेस्रो स्थान प्राप्त गर्दै नगद २५ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ ।





प्रतियोगितामा सहभागी प्रतिस्पर्धी सबै टोलीले धिमेबाजा टोलीलाई नगरपालिकाले नगद पाँच हजार रुपैयाँ तथा प्रमाणपत्र प्रदान गरेको छ । त्यसैगरी नगरप्रमुखले आफ्नो व्यक्तिगततर्फबाट सहभागी १० वटा टोलीलाई थप पाँच-पाँच हजार रुपैयाँ प्रदान गर्ने घोषणा पनि गरेका छन् ।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले उद्घाटन गरेको प्रतियोगिताको समापनमा नगरप्रमुख वासुदेव थापाले विजयी टिमलाई पुरस्कार प्रदान गरेका थिए ।


## चौरीदेउराली गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**ढाँडखर्क भञ्ज्याङ,काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**काभ्रेपलाञ्चोक जिल्ला, चौरीदेउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको बगर क्षेत्रबाट दिगो रूपमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी**
**सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२५ गते**

बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला, चौरीदेउराली गाउँपालिका वडा नं. ७ र ८ मा श्री चौरीदेउराली गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री चौरीदेउराली गाउँपालिका<br>ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेश |
| **प्रस्तावकको व्यहोरा** | नेपाल सरकारबाट नदीको बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षणको व्यवस्था भए बमोजिम बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला, चौरीदेउराली गाउँपालिका वडा नं. ७ र ८ मा सुनकोशी नदीको बगर (खहरेवेँसी बगर वडा नं ८, टिमरिनी (मैसाद) बगर वडा नं ८, भिम पाइलो बगर वडा नं ८ र दोभानटार बगर वडा नं ७) क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्य । |
| **प्रभाव पर्न सक्ने स्थान** | काभ्रेपलाञ्चोक जिल्ला, चौरीदेउराली गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन गर्ने क्रममा सो क्षेत्रको जैविक प्रणाली तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीहरुबिच के/कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको पालिका तथा त्यस क्षेत्रका वडा समिति, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| राय सुझावको लागि पत्राचार गर्ने ठेगाना | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री चौरीदेउराली गाउँपालिका<br>ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेश<br>फोन नं.: ९७७-९८५१२४३०९१<br>इमेल : ito.chaunrideuralimun@gmail.com, info@chaunrideuralimun.gov.np |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्याल्बो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., का.म.न.पा.-३२, कोटेश्वर, काठमाडौं<br>फोन नं.: ९७७-९८६०४७९६३८<br>ईमेल : gyalboengineering2079@gmail.com |



## जय अम्बे बचत तथा ऋृण सहकारी संस्था लि.
कुमारीपाटी-५ ललितपुर, फोन नं.०१-५४४७१२८

**कर्जा चुक्ता गर्न आउने १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८३/०६/२५ गते**

यस संस्थाबाट तपसिलमा उल्लिखित तपाई ऋृणीले विभिन्न प्रयोजनको लागि कर्जा लिंदाको बखत यस सहकारी संस्थासँग गर्नुभएको शर्त सम्झौता बमोजिम समय समयमा तिर्न, बुझाउनु पर्ने सावाँ, ब्याज तथा हर्जना रकम समेत नतिरी नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी शर्त, सम्झौता र कबुलियत उल्लङ्घन गर्नु भएकोले तपसिलको ऋृणी र उक्त ऋृणमा व्यक्तिगत जमानत दिनु हुने समेतलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाको सावा ब्याज तथा हर्जना रकम बुझाउनेतर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लिखित ऋृणी, व्यक्तिगत जमानीकर्ताका नाममा संस्थामा रहेको सम्पूर्ण ऋृण/कर्जा चुक्ता भुक्तानी गर्नु हुन भनी यस अगाडी मिति २०८३/०४/२७ मा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना समेतलाई बेवास्ता गरिएकोमा यस संस्था बाट लिएको ऋृण कर्जाको सावा ब्याज तथा हर्जना रकम बुझाउन आउने सम्बन्धमा दोस्रो पटक यो **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरिएको छ । यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन** भित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋृण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण सावा, ब्याज, तथा हर्जना रकम अबिलम्व चुक्ता गर्नु होला । यो सूचना प्रकाशित भएको निर्धारित **१५ (पन्ध्र) दिन** भित्र पनि यस संस्थाबाट लिनुभएको ऋृणकर्जा वापतको बक्यौत रकमा बुझाउन नआएमा यस सहकारी संस्थाले तपाई ऋृणीबाट कर्जा असूली प्रयोजनार्थ प्रचलित सहकारी ऐन तथा नियमावली तथा यस संस्थाको कर्जा असूली कार्यविधि सम्बन्धि विनियमावलीले दिएको अधिकार प्रयोग गरी तपाइ ऋृणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीकर्ताको नाम समेत कालोसूचीमा राख्नको लागि कर्जा सुचना केन्द्र लि.मा सिफारिस गरी कर्जा लिदाको बखत तपाइले लेखि लेखाइदिएको सुरक्षण वापतको चल अचल सम्पति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गर्नेतर्फ आवश्यक कार्वाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै संस्थाको सम्पूर्ण बक्यौता रकम ऋृणीको सम्पतिबाट असूल उपर नभएमा असूल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम जमानीकर्ताको घर घरानाबाट असूलउपर गरिने व्योहोरा समेत ऋृणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋृणी तथा जमानतकर्ताहरू | धितो सुरक्षणको विवरण |
|---|---|
| ललितपुर जिल्ला ल. पु. उप. म. न. पा. वडा नं. ४ भई हाल परिवर्तित ऐ. ल.पु.म.न.पा. वडा नं. ४ जावलाखेल बस्ने विर्जमान गुरूङको नाति निर कुमार गुरूङको छोरा बर्ष ४५ को हितजंग गुरूङ (ना. प्र. नं. १०१११७ जारी मिति २०५६।४।१२ जि.प्र.का.ललितपुर)<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ल. पु. उप. म. न. पा. वडा नं. ४ भई हाल परिवर्तित ऐ. ल.पु.म.न.पा. वडा नं. ४, जावलाखेल बस्ने विर्जमान गुरूङको नाति निर कुमार गुरूङको छोरा ऋृणीको एकाघरको भाइ चेतन गुरूङ | चासुर गुरूङको नाति विर्जमान गुरूङको छोरा कास्की जिल्ला पोखरा उप म.न.पा बाझापाटन २ स्थायी ठेगाना भइ हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. ४ जावलाखेल बस्ने ऋृणी तथा जमानीकर्ताको एकाघरको बाबु निरज कुमार गुरूङको नाममा मालपोत कार्यलय ललितपुर लगनखेलमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उ.न.पा. वडा नं ४ (क) कि. नं. ४३५ को क्षे. फ. ०- ८- ०- ० (२५४.३७ ब. मी.) को घरजग्गा तथा सो मा चर्चेको सम्पूर्ण लिगलगापत समेत |
| ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.२२ बसोबास गर्ने श्री नारायणचा देउचाको नाति श्री रामचा देउचाको छोरा (ना.प्र.नं.११५३१जारि मिति २०५९।०३।२८ जि.प्र.का. ललितपुर बस्ने वर्ष ४२ को रवि देउला<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २२ बसोबास गर्ने श्री नारायण पोडेको छोरा (ना.प्र.नं. ४९०२५ जारि मिति २०४७।०५।१७ जि.प्र.का. ललितपुर बस्ने वर्ष ५९ को ऋृणीको एकाघरको बुवा रामचा नेपाली<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी रामचा नेपालीको श्रीमती (ना.प्र. नं. २२२६१ जारि मिति २०४३।०८।१९ जि.प्र.का. ललितपुर ) वर्ष ५९ की ऋृणीको एकाघरको आमा शान्ति पोडे | मालपोत कार्यलय ललितपुर लगनखेलमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उ. म. न. पा. वाड नं २२ नक्शा सिट नं २२ को कि. नं. १४१९ को क्षे. फ. ०- २- १- ० (७१.५३ ब. मी.) को जग्गा तथा सो मा चर्चेको सम्पुर्ण लिगलगापत समेत |
| ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं.२२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी (ना.प्र.नं.७५५३२ जारी मिति २०५२।०६।०८ जि.प्र.का. ललितपुर) वर्ष ५३ की अनिता पोडे<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री नारायणचा देउचाको नाति श्री रामचा देउचाको छोरा (ना.प्र.नं.११५३१ जारि मिति २०५९।०३।२८ जि.प्र.का. ललितपुर बस्ने वर्ष ४२ को रवि देउला<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी रामचा नेपालीको श्रीमती (ना.प्र. नं. २२२६१ जारि मिति २०४३।०८।१९ जि.प्र.का. ललितपुर ) वर्ष ५९ की ऋृणीको सहोदर दिदी शान्ति पोडे<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी (ना.प्र. नं. ७०२२१ जारि मिति २०५१।१०।२९ जि.प्र.का. ललितपुर) वर्ष ४२ की ऋृणीको सहोदर बहिनी अनु पोडे<br>**जमानीकर्ता**<br>ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ जन्म स्थान भइ हाल काठमाडौ जिल्ला काठमाडौ उम.न.पा. वडा नं २१ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी (ना.प्र.नं.१६५० जारी मिति २०५७।०४।०१ जि.प्र.का. ललितपुर ) वर्ष ६१ की ऋृणीको सहोदर दिदी ललिता पाडे | मालपोत कार्यलय ललितपुर लगनखेलमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उ. म. न. पा. वाड नं २२ नक्शा सिट नं २२ को कि. नं. १५६८ को क्षे. फ. ०- ०- ३- १ (२५.८४ ब. मी.) को जग्गा तथा सो मा चर्चेको सम्पुर्ण लिगलगापत समेत |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### रूपान्तरणको नेतृत्व, एकताको परीक्षा

नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट गगनकुमार थापा अत्यधिक मतका साथ पार्टीको केन्द्रीय सभापतिमा निर्वाचित भएका छन् । सडक संघर्षमा लाठी र दमनको सामना गर्दै, आफ्नै पार्टीभित्र गणतन्त्रको बहस अल्पमतमा रहँदा पनि लोकतन्त्र र परिवर्तनको पक्षमा अडिग रहेका थापाको यो विजय व्यक्तिगत सफलतामात्र होइनह यो आठ दशक लामो गौरवशाली इतिहास बोकेको पार्टीभित्र पुस्तान्तरण र रूपान्तरणको नयाँ अध्यायको सुरुआत पनि हो ।

२६ वर्षको उमेरमा नेविसंघको महामन्त्री, त्रिचन्द्रको स्ववियु सभापति, संविधानसभा तथा प्रतिनिधिसभा सदस्य हुँदै स्वास्थ्यमन्त्रीका रूपमा कार्यकुशलता सिद्ध गरिसकेका थापालाई नेपाली कांग्रेसको सर्वोच्च कमाण्ड सम्हाल्ने अवसर प्राप्त भएको छ । संघर्ष, वैचारिक स्पष्टता र निरन्तरको निष्ठाबाट निर्मित उनको यो नेतृत्व यात्रा उत्साहपूर्ण छ, त्यति नै चुनौती पनि । उनका लागि यो असाधारण अवसरसँगै ऐतिहासिक उत्तरदायित्व र चुनौतीको ठूलो चाङ पनि जोडिएर आएको छ ।

देश यतिबेला गम्भीर सामाजिक–आर्थिक तथा राजनीतिक संकट र निराशाबाट गुज्रिरहेको छ । विशेषगरी गत वर्षको 'जेन–जी' आन्दोलनपछि मुलुकको राजनीतिमा उथलपुथल आएको अवस्था छ । यस्तो अवस्थामा कांग्रेसको नयाँ नेतृत्वबाट मुलुकले विशाल अपेक्षा गरेको छ । जनताले नेपाली कांग्रेसलाई केवल सत्ता गठबन्धन र चुनाव जित्ने औजारका रूपमा होइन, सुशासन, सामाजिक न्याय र समृद्धिको स्पष्ट दृष्टिकोण बोकेको जीवन्त लोकतान्त्रिक आन्दोलनका रूपमा हेर्न चाहेका छन् । नीतिगत सुधार, निःशुल्क तथा गुणस्तरीय शिक्षा–स्वास्थ्य, र पारदर्शी शासकीय प्रणाली स्थापनाका लागि थापाले संसद् र सरकारमा खेलेको विगतको भूमिकालाई अब पार्टीको समग्र नीति र राष्ट्रिय राजनीतिमै लागू गर्नुपर्ने चौतर्फी दबाब छ ।

यस ऐतिहासिक मोडमा नवनिर्वाचित सभापति थापाका अगाडि सबैभन्दा ठूलो र पहिलो अग्निपरीक्षा पार्टी एकताको रक्षा गर्नु रहेको छ । पार्टीभित्र लामो समयदेखि चुलिएको आन्तरिक विवाद, विशेष महाधिवेशनको वैधानिकतासम्बन्धी असहमति र संस्थापन पक्षको असन्तुष्टिकै बीच पूर्वसभापति शेरबहादुर देउवा समूह अलग्गै महाधिवेशन र गतिविधि गर्दै अघि बढेको स्थितिले नेपाली कांग्रेसको विभाजन लगभग निश्चितजस्तै देखिएको छ । नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक र बृहत् आधार भएको पार्टी खण्डित हुनु भनेको सिंगो लोकतान्त्रिक व्यवस्थाकै लागि ठूलो धक्का हो । इतिहास साक्षी छ– जब–जब कांग्रेस कमजोर वा विभाजित भएको छ, तब–तब मुलुकको लोकतन्त्र, संविधान र नागरिक अधिकार जोखिममा परेका छन् ।

त्यसैले, नवनिर्वाचित सभापति थापाले बहुमतको दम्भ वा पूर्वाग्रह त्यागेर अभिभावकीय लचकता र उच्च राजनीतिक परिपक्वता देखाउनु अपरिहार्य छ । असन्तुष्ट देउवा पक्षलाई पाखा लगाउने होइन, बरु संवाद र सहमतिको टेबलमा ल्याउन अविलम्ब संवादको ढोका खोल्नुपर्छ । विगतका असमझदारी र असन्तुष्टिलाई बिर्सेर विधि, विधान र सम्मानजनक सहभागिताका आधारमा असन्तुष्ट पक्षलाई पार्टीको मूल प्रवाहमा फर्काउन विशेष पहलकदमी लिनु थापाको पहिलो कर्तव्य हो ।

संस्थापन र असन्तुष्ट दुवै पक्षले आ–आफ्नो हठ त्यागी पार्टीको व्यापक हित र देशको लोकतान्त्रिक भविष्यलाई केन्द्रमा राख्नैपर्छ । गगन थापाको काँधमा एकातिर परम्परागत ढर्रामा जेलिएको कांग्रेसलाई आधुनिक, उत्तरदायी र प्रविधिमैत्री पार्टीमा रूपान्तरण गर्ने युगीन जिम्मेवारी छ भने अर्कोतिर पार्टीलाई फुटबाट जोगाएर एकताबद्ध बनाउने कठिन चुनौती छ । यदि उनले आन्तरिक एकता कायम गर्दै मुलुकले गरेको सुशासन र समृद्धिको अपेक्षालाई साकार पार्न सके भनेमात्र यो नेतृत्व परिवर्तनले सार्थकता पाउने छ । नवनिर्वाचित सभापति थापालाई बधाइ तथा यो चुनौतीपूर्ण बाटोमा सफलता मिलोस् भन्ने शुभकामना !

# भोटेकोशी बाढीपछि जलवायु न्यायको पेचिलो प्रश्न



■ सोमलाल सिङ्तान

> जलवायु न्यायको माग गर्नु भनेको आफ्नो कमजोरी लुकाउनु होइन । नेपालले आफैंलाई पनि कठोर प्रश्न सोध्नुपर्छ- जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार कति सुरक्षित छ ? नदी किनारको निर्माण वैज्ञानिक छ ? जलविद्युत् आयोजना बनाउँदा भविष्यको जलवायु जोखिम पर्याप्त मूल्यांकन गरिएको छ ? हिमाली क्षेत्रमा पर्याप्त पूर्वसूचना प्रणाली छ ? स्थानीय तहमा विपद् पूर्वतयारी कति प्रभावकारी छ ? जोखिमयुक्त पूर्वाधारको पुनरवलोकन भइरहेको छ ?

गत भदौ १० नेपालको इतिहासमा पीडादायी दिनका रूपमा अंकित भएको छ । भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको विनाशकारी बाढी र त्यससँग जोडिएको हिमपहिरो/हिमनदीजन्य घटनाले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को प्रारम्भिक आँकलनअनुसार प्रभावित क्षेत्रमा करिब २२ लाख टन मलबा (गेग्रान) थुप्रिएको अनुमान गरिएको छ । यस आँकलनमा भवनका भग्नावशेष, घरायसी सामान, वनस्पति, चट्टान तथा नदीले बगाएर ल्याएको अवसादसमेत समेटिएको छ । युएनडिपीले यो प्रारम्भिक अनुमान भएको र थप तथ्यांकसँगै परिमार्जन हुनसक्ने जनाएको छ ।

यसलाई केवल एउटा प्राकृतिक विपद्का रूपमा बुझेर टुंग्याउने हो भने यस घटनाले उठाएको ठूलो प्रश्न छुट्न सक्छ । प्रश्न हो-जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून हुँदाहुँदै जलवायुजन्य जोखिमको यति ठूलो मूल्य नेपालले किन चुकाइरहेको छ ?

राष्ट्रिय भूकम्प प्रविधि समाज नेपालको प्रारम्भिक प्राविधिक विश्लेषणअनुसार चीन-नेपाल सीमातर्फको उच्च भूभागमा ठूलो हिमपहिरो भएको र त्यसले तलतर्फका हिमनदीजन्य तथा पर्वतीय सरसामान बगाउँदै अत्यधिक गतिशीलको रूप लिएको देखिन्छ । त्यसपछि माथिल्लो भोटेकोशी जलाधारमा ठूलो परिमाणको पानी, बरफ, चट्टान र माटो मिसिएको बाढी विकसित भएको प्रारम्भिक विश्लेषण छ। तर एउटा कुरा स्पष्ट बुझ्न आवश्यक छ- कुनै एउटा विपद्को तत्काल भौतिक ट्रिगर र त्यसको दीर्घकालीन जलवायु पृष्ठभूमि एउटै कुरा होइन । त्यसैले 'जलवायु परिवर्तनकै कारण यो हिमपहिरो भयो' भनेर निश्चित निष्कर्ष निकाल्नु वैज्ञानिकरूपमा उचित हुँदैन तर बढ्दो तापक्रम, हिमनदीमा भइरहेको परिवर्तन, हिउँ-बरफको क्षय तथा हिमाली भूभागको अस्थिरताले भविष्यका जोखिमलाई गम्भीर बनाइरहेको तथ्यलाई पनि बेवास्ता गर्न मिल्दैन ।

युएनडिपीको १ सेप्टेम्बरको प्रारम्भिक विवरणअनुसार नेपाल सरकारले १७ स्थानीय तहमा ८४ हजार २७० मानिस प्रभावित भएको अनुमान गरेको थियो। सोही विवरणमा एक हजार ४०० भन्दा बढी मानिसको मृत्यु र छ हजारभन्दा बढी मानिस बेपत्ता भएको रिपोर्ट उद्धृत गरिएको छ । उद्धार तथा खोजी कार्यसँगै तथ्यांक परिवर्तन हुन सक्ने भएकाले अन्तिम आधिकारिक तथ्यांकलाई नै आधार मान्नुपर्छ । तर तथ्यांकको पछाडि रहेका मानवीय पीडालाई केवल संख्यामा सीमित गर्न सकिँदैन। घर, व्यवसाय, रोजगारी र आफन्त गुमाएका परिवारका लागि यो विपद् जीवनकै ठूलो संकट हो । त्यसैले विपद्लाई केवल 'प्राकृतिक घटना' भनेर हेर्नु पर्याप्त हुँदैन । यसले अर्को गम्भीर प्रश्न पनि उठाउँछ- जलवायु संकट सिर्जना गर्नमा नेपालको योगदान अत्यन्त न्यून हुँदाहुँदै त्यसको मूल्य नेपालले यति ठूलो किन चुकाउनुपर्छ ? यहीँबाट जलवायु न्यायको बहस सुरु हुन्छ।

## हानि नोक्सानी: नेपालको आवाज

यस विपद्को तत्काल भौतिक प्रक्रिया चट्टानसहितको हिमपहिरो र त्यसबाट विकसित चट्टान, मलावासहितको तीव्र बाढीसँग जोडिएको प्रारम्भिक वैज्ञानिक विश्लेषणले देखाएको छ । तर यसको व्यापक पृष्ठभूमिमा हिमालयमा बढ्दो तापक्रम, हिमनदीको परिवर्तन र पर्वतीय भूभागको अस्थिरताले भविष्यका जोखिमबारे गम्भीर प्रश्न उठाइरहेका छन् । यसको अर्थ हरेक हिमपहिरो वा बाढीको प्रत्यक्ष कारण जलवायु परिवर्तन नै हो भन्ने होइन । तर विश्वव्यापी तापक्रम वृद्धि, हिमाली प्रणालीमा आएको परिवर्तन र हिमनदी तथा पर्वतीय जोखिमबीचको सम्बन्धबारे बढ्दो वैज्ञानिक चिन्तालाई बेवास्ता गर्न पनि मिल्दैन । नेपालका लागि चुनौती यही हो-विश्वव्यापी जलवायु परिवर्तनको प्रभाव हिमाली क्षेत्रमा देखिँदै जाँदा त्यसको असर तल्लो भूभागका बस्ती, पूर्वाधार र स्थानीय अर्थतन्त्रसम्म आइपुग्छ ।

जलवायु परिवर्तनको एउटा ठूलो विरोधाभास यही हो-जसको योगदान कम छ, उसैले असर बढी भोगिरहेको छ । नेपालको राष्ट्रिय रुपमा निर्धारित योगदान (एनडिसी) ३.० ले नेपाललाई विगत र वर्तमान विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गर्ने तर जलवायु प्रभावप्रति उच्च जोखिममा रहेको देशका रूपमा प्रस्तुत गरेको छ । एनडिसी ३.० ले बाढी, पहिरो, हिमताल विस्फोटजन्य बाढी, हिमनदी पग्लिने क्रमलगायतका कारण नेपालले हानि नोक्सानी भोगिरहेको उल्लेख गर्दै जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता औंल्याएको छ । यही नै जलवायु न्यायको मूल प्रश्न हो-यदि योगदान समान छैन भने जलवायु संकटबाट उत्पन्न क्षतिको भार पनि समान हुनुपर्छ भन्ने धारणा कति न्यायपूर्ण हुन्छ ?

विपद्पछि विभिन्न देश तथा अन्तर्राष्ट्रिय संस्थाबाट उद्धार, राहत, स्वास्थ्य तथा प्राविधिक सहयोग आउनु आवश्यक छ । संकटको समयमा मानवीय सहयोगको महत्त्व अस्वीकार गर्न सकिँदैन तर नेपालले प्रत्येकपटक विपद् आएपछि राहत खोजिरहने कि दीर्घकालीन जोखिम न्यूनीकरणमा पनि अन्तर्राष्ट्रिय सहयोगको माग गर्ने भन्ने प्रश्न उठ्छ । नेपाललाई जलवायु जोखिम न्यूनीकरण, अनुकूलन, आधुनिक प्रविधि, पूर्वसूचना प्रणाली, हिमाली क्षेत्रको वैज्ञानिक अनुसन्धान तथा अपरिहार्य हानि नोक्सानी सम्बोधनका लागि पर्याप्त स्रोत आवश्यक छ । राहतले तत्कालको संकट व्यवस्थापन गर्छ । जलवायु न्यायले त्यस्तो संकटको जोखिम किन बढिरहेको छ र त्यसको भार कसरी न्यायपूर्ण रूपमा बाँड्ने भन्ने प्रश्न उठाउँछ ।

जलवायु परिवर्तनसँग जुध्न अनुकूलन आवश्यक छ । तर सबै क्षति अनुकूलनबाट रोक्न सकिँदैन । मानिसको ज्यान जान सक्छ, घर र जमिन नष्ट हुन सक्छ, पूर्वाधार बग्न सक्छ, रोजगारी गुम्न सक्छ र स्थानीय अर्थतन्त्र तथा सांस्कृतिक सम्पदामा दीर्घकालीन असर पर्न सक्छ । यस्ता अपरिहार्य क्षति र हानिलाई अन्तर्राष्ट्रिय जलवायु बहसमा हानि नोक्सानीको अवधारणासँग जोडिन्छ ।

नेपालका लागि यो अन्तर्राष्ट्रिय सम्मेलनमा प्रयोग हुने शब्दमात्र होइन । विपद्मा घर, जमिन, व्यवसाय वा जीविकोपार्जन गुमाएका परिवारको वास्तविकतासँग यसको प्रत्यक्ष सम्बन्ध छ । त्यसैले नेपालको माग केवल 'राहत दिनुस्' भन्नेमा सीमित हुनु हुँदैन । न्यायपूर्ण जलवायु वित्त, प्रविधि, अनुकूलन सहयोग र हानि नोक्सानी सम्बोधनका लागि प्रभावकारी अन्तर्राष्ट्रिय संयन्त्रमा नेपालको पहुँच बलियो हुनुपर्छ ।

जलवायु न्यायको माग गर्नु भनेको आफ्नो कमजोरी लुकाउनु होइन । नेपालले आफैंलाई पनि कठोर प्रश्न सोध्नुपर्छ- जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार कति सुरक्षित छ ? नदी किनारको निर्माण वैज्ञानिक छ ? जलविद्युत् आयोजना बनाउँदा भविष्यको जलवायु जोखिम पर्याप्त मूल्यांकन गरिएको छ ? हिमाली क्षेत्रमा पर्याप्त पूर्वसूचना प्रणाली छ ? स्थानीय तहमा विपद् पूर्वतयारी कति प्रभावकारी छ ? जोखिमयुक्त पूर्वाधारको पुनरवलोकन भइरहेको छ ?

त्यसैले नेपालको जिम्मेवारी दुई तहमा देखिन्छ। पहिलो, राष्ट्रिय तहमा वैज्ञानिक, जिम्मेवार र जोखिम-सचेत विकास। दोस्रो, अन्तर्राष्ट्रिय तहमा जलवायु न्याय, वित्त, प्रविधि र हानि नोक्सानीका लागि प्रभावकारी पैरवी । जलवायु न्याय अरूलाई दोष लगाएर आफू उम्किने विषय होइन। यो अन्तर राष्ट्रिय जिम्मेवारीको न्यायपूर्ण बाँडफाँटसँगै राष्ट्रिय उत्तरदायित्वको विषय पनि हो।

## अब के गर्नुपर्छ ?

यो विपद्लाई केही दिनको राहत र समाचारमा सीमित राख्नु हुँदैन। यस विपद्ले नेपाललाई एउटा ठूलो चेतावनी दिएको छ। यो केवल एउटा नदीको बाढी थिएन । यसले हाम्रो विकासको शैली, विपद् पूर्वतयारी, हिमाली क्षेत्रमा बढ्दो जोखिम र जलवायु न्यायमाथि प्रश्न उठाएको छ। यदि हिमाली प्रणाली थप अस्थिर हुँदै गयो भने यसको मूल्य कसले चुकाउने ? नेपालले ? हिमालमा निर्भर करोडौं मानिसले ? वा जोखिम सिर्जना र समाधानमा आफ्नो भूमिकाअनुसार विश्व समुदायले पनि जिम्मेवारी निर्वाह गर्ने ? हिमनदी, हिमताल र हिमाली भूभागको निरन्तर वैज्ञानिक अनुगमन आवश्यक छ। हिमाली क्षेत्रमा आधुनिक तथा बहुजोखिम पूर्वसूचना प्रणाली विस्तार गर्नुपर्छ। जोखिमयुक्त बस्ती तथा पूर्वाधारको वैज्ञानिक पहिचान गरी सुरक्षित पुनर्स्थापनाको योजना बनाउनुपर्छ।

जलविद्युत्, सडक, पुललगायत ठूला पूर्वाधारलाई जलवायु-लचिलो ढाँचामा निर्माण गर्नुपर्छ । अन्तर राष्ट्रिय जलवायु वित्तमा नेपालको पहुँच बढाउनुपर्छ। हानि नोक्सानी सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबाट स्रोत परिचालन गर्नुपर्छ। हिमालयसँग जोडिएका देशबीच सूचना, प्रविधि र विपद् व्यवस्थापनमा सीमापार सहकार्य बढाउनुपर्छ। त्यससँगै स्थानीय समुदायको ज्ञान र सहभागितालाई विपद् व्यवस्थापनमा जोड्न आवश्यक छ । विकास र वातावरणलाई अलग विषयका रूपमा होइन, जलवायु-लचिलो विकासको एउटै ढाँचामा अघि बढाउनुपर्छ।

नेपाललाई सहानुभूति र मानवीय सहयोग चाहिन्छ। पुनर्निर्माण आवश्यक छ। प्रविधि, पूर्वसूचना र अनुकूलन क्षमता आवश्यक छ तर जहाँ क्षति अपरिहार्य हुन्छ, त्यहाँ हानि नोक्सानीको न्यायपूर्ण सम्बोधन पनि आवश्यक हुन्छ । नेपालले विश्वव्यापी जलवायु संकट सिर्जना गर्नमा नगण्य भूमिका खेलेको हुन सक्छ, तर त्यसको असरबाट नेपाल उम्कन सक्दैन । नेपालको उत्सर्जन न्यून हुन सक्छ, तर जोखिम न्यून छैन। त्यसैले जलवायु परिवर्तनको बहस सम्मेलन र भाषणमामात्र सीमित हुनु हुँदैन । यसलाई बजेट, नीति, पूर्वाधार, विपद् व्यवस्थापन, कूटनीति र विकास योजनाको केन्द्रमा राख्नुपर्छ । नेपाललाई सहानुभूतिमात्र होइन, जलवायु न्याय चाहिन्छ। *रासस*

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।

## पाठक मञ्च

### एन्फा भ्रष्टाचार प्रकरण: संस्थागत भ्रष्टाचारको नांगो रूप

नेपाली खेलकुद जगत्, विशेषगरी फुटबलप्रेमीहरूका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) का बहालवाला तथा निलम्बित पदाधिकारीहरूविरुद्ध जिल्ला अदालत ललितपुरमा दायर भएको भ्रष्टाचार, ठगी र खेलमा मिलेमतो (म्याच फिक्सिङ) सम्बन्धी मुद्दा एकै साथ दुःखद, लज्जास्पद र आँखामुनि परेको पर्दा उघार्ने खालको घटना हो । देशको फुटबल विकास गर्ने, युवा प्रतिभालाई प्रोत्साहन गर्ने र अन्तर्राष्ट्रिय मञ्चमा देशको नाम उच्च राख्ने जिम्मेवारी पाएका नेतृत्व तहका व्यक्तिहरू नै संस्थागत भ्रष्टाचार, कालोबाजारी र खेल बिक्रीजस्ता जघन्य कार्यमा संलग्न हुनुले नेपाली खेल क्षेत्रको उज्यालो भविष्यमाथि ठूलो प्रश्नचिह्न खडा गरिदिएको छ ।

विश्वकप तथा एसियन कप छनोटजस्तो महत्त्वपूर्ण प्रतियोगिताअन्तर्गत सन् २०२४ मार्चमा काठमाडौंको दशरथ रंगशालामा हुनुपर्ने नेपाल र बहराइनबीचको खेल नियतवश बहराइनमा सारिएको तथ्य अभियोगपत्रले छताछुल्ल पारेको छ । आफ्नै देशका समर्थकहरूको अगाडि खेल्न पाउने खेलाडीहरूको अधिकार र नेपाली दर्शकले आफ्नै भूमिमा राष्ट्रिय टोलीको हौसला बढाउन पाउने अवसरलाई निजी स्वार्थका लागि बलिदानी गरियो । त्यसमाथि बहराइन फुटबल संघबाट टिकट बिक्री राजस्वबापत प्राप्त हुनुपर्ने २० हजार अमेरिकी डलर संस्थाको खातामा नहाली सुटुक्क व्यक्तिगत गोजीमा हाल्नु केवल वित्तीय अपराधमात्र होइन, राष्ट्रिय अस्मिता र खेल भावनामाथिको खुला गद्दारी हो ।

अभियोगपत्रमा उल्लेख गरिएका अन्य बुँदाहरूले एन्फाभित्र भ्रष्टाचार कतिसम्म जरा गाडेर बसेको थियो भन्ने स्पष्ट पार्छ। १० लाख रुपैयाँभन्दा बढीको खरिदमा पारदर्शी टेण्डर आह्वान गर्नुपर्ने कानुनी व्यवस्थालाई छलेर एउटै सञ्चालकका तीनवटा नक्कली फर्महरू खडा गरी खेल सामग्री खरिद देखाउनुले जालसाजीको पराकाष्ठा देखाउँछ ।

विश्व फुटबल महासंघ (फिफा) ले उपलब्ध गराएको ३३० थान अनलाइन टिकट साधारण दर्शक वा सम्बन्धित व्यक्तिसम्म नपुऱ्याई व्यक्तिगत लाभका लागि कालोबाजारी गरिनुले एन्फाका पदाधिकारीहरू खेल सुधारमा होइन, व्यापार र ठगीमा तल्लीन थिए भन्ने पुष्टि गर्छ । यसैगरी शेर्पा आउटडोरसँगको सम्झौताबमोजिम संस्थाको बैंक खातामा दाखिला हुनुपर्ने २५ लाख रुपैयाँ महासचिव किरण राईले व्यक्तिगतरूपमा बुझेर अपचलन गरेको अनुसन्धानले देखाउनु संस्थागत प्रणालीको पूर्ण असफलता हो ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले गरेको विस्तृत अनुसन्धान र जिल्ला सरकारी वकिलको कार्यालयले ९३ लाख ९०० रुपैयाँ बिगो कायम गरी अदालतमा दर्ता गरेको अभियोगपत्र स्वागतयोग्य छ । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७, मुलुकी अपराध संहिता, २०७४ र अपराधपीडित संरक्षण ऐन, २०७५ का कडा दफाहरू आकर्षित गरी दायर गरिएको यो मुद्दाले कानुनी राज्यको अनुभूति दिलाएको छ । अब अदालतले फरार रहेका प्रतिवादीहरू- अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईलाई अदालतको दायरामा ल्याएर, हिरासतमा रहेका पदाधिकारीहरूसहित सबै दोषीलाई सर्वस्वसहित हदैसम्मको सजाय र क्षतिपूर्ति भराउने फैसला गरोस् भन्ने आमनागरिक तथा खेलप्रेमीको जोडदार माग छ।

एन्फामा भएको यो भ्रष्टाचार काण्ड केवल केही व्यक्तिहरूको आर्थिक अनियमिततामात्र होइन, यो नेपाली फुटबलको साख र हजारौं युवा खेलाडीहरूको सपनामाथि गरिएको कुठाराघात हो । अबका दिनमा खेलकुद निकायहरूमा राजनीतिक भागबण्डा र अपारदर्शी संयन्त्रलाई पूर्णरूपमा अन्त्य गरिनुपर्छ । यस मुद्दाको निष्पक्ष र द्रुत फैसलालेमात्र नेपाली फुटबलमा व्याप्त कुशासन र दण्डहीनताको अन्त्य गरी खेल क्षेत्रमा स्वच्छता र पारदर्शिताको नयाँ युगको सुरुवात गर्न सक्ने छ ।

**- घनश्याम पाण्डे**
हेटौंडा, मकवानपुर



**कागबेनीमा श्राद्ध गर्दै श्रद्धालु** | **सोह्र श्राद्धको अन्तिम दिन शनिबार मुस्ताङको वारागुङ-४ कागबेनीधाममा दिवंगत पितृको नाममा श्राद्ध तथा पिण्डदान गर्दै श्रद्धालु । विगतका वर्षहरूमा हजारौं श्रद्धालु कागबेनीमा श्राद्धका लागि आउने गरेकामा यस वर्ष बाढीपहिरोपछि सडक अवरुद्ध हुँदा श्रद्धालुको संख्या उल्लेखनीयरूपमा घटेको छ ।** *तस्बिरः रासस*

# पहिरोका कारण महभिर गाउँ विस्थापित

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ मा रहेको महभिर गाउँ पहिरोका कारण विस्थापित भएको छ। ३० परिवारको बसोबास रहेको महभिरका सबै बासिन्दा पहिरोका कारण गाउँ छोड्न बाध्य भएका हुन् ।

महभिरका बासिन्दासमेत रहेका अन्नपूर्ण गाउँपालिका-८ का वडाध्यक्ष खमबहादुर गर्बुजाले पहिरो प्रभावितहरू सिरुवारीमा अस्थायी शिविर बनाएर बस्न थालेका जानकारी दिए । 'बस्तीदेखि तल ठूलो पहिरो छ, गाउँको बीचबीचमा पनि पहिरोले चिराचिरा पारेको छ। घरगोठका पर्खाल, आँगन चर्किएर बस्न सक्ने अवस्था छैन,' उनले भने, 'गाउँ नै पहिरोले बगाउने जोखिम भएकाले सिरुवारीमा अस्थायी शिविर बनाएर राखेका छौं ।'

महभिरमा रहेको कक्षा ५ सम्मको पठनपाठन हुने चन्द्र आधारभूत विद्यालयलाई पनि सिरुवारीमा सारिएको वडाध्यक्ष गर्बुजाले बताए । यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरिपछि महभिरमा पहिरो सिर्जना भएको हो ।

वडाको विपद् व्यवस्थापन समितिले तयार पारेको प्रतिवेदनअनुसार महभिरसहित अन्नपूर्ण-८ वडामा पर्ने साविक राम्चे गाविसका ५२ परिवारका १२६ जना विस्थापित भएका छन् । पहिरोले घर बगाउँदा धारापानीमा सविन चोचांगीको मृत्यु भएको र मनोज चोचांगी बेपत्ता भएका छन् ।

ओखलखर्क झुम्रेखोरमा तीन, धारापानीमा चार, गाउँफाँटमा ११, थलथलेमा तीन र चिनारमा दुई घरका परिवार विस्थापित भएका काँफलडाँडाका अगुवा रवी गर्बुजाले जानकारी दिए । विस्थापितहरूलाई गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारले उपलब्ध गराएको टेण्टमा शिविर बनाएर राखिएको छ ।

नागी र राम्चेको बीचमा पहिरो गएकाले पहिरो प्रभावित बस्न थालेको सिरुवारी जोड्ने सडक यातायात अवरुद्ध छ । विस्थापितलाई खाद्यान्न र राहत सामग्री हेलिकप्टरमार्फत ढुवानी गरिएको छ । सवारीसाधनमार्फत बेनीदेखि मल्लाज, फलामेडाँडा हुँदै नागी पुऱ्याइएको राहत सामग्री स्थानीयवासीले पिठ्युँमा बोकेर ढुवानी गर्ने गरेका छन् ।

पहिरोका कारण महभिर गाउँलाई स्थानान्तरण गर्नुपर्ने अवस्था आएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए । उनका अनुसार तत्काललाई अस्थायी शिविरमा रहेका विस्थापितहरूलाई दीर्घकालीनरूपमा स्थानान्तरण र पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि प्रदेश र संघीय सरकारसँग प्रस्ताव गरिएको छ । *रासस*

# चितवनमा तीन हजार ३६२ मतदाता घटे

**चितवन (प्रस)–** जिल्ला निर्वाचन कार्यालय, चितवनले मतदाता नामावली अद्यावधिक गर्ने क्रममा जिल्लाका तीन हजार ३६२ जना मतदाताको नाम नामावलीबाट हटाएको छ ।

जिल्ला निर्वाचन अधिकारी भीमसेन कार्कीका अनुसार निर्वाचन आयोग नेपालको स्वीकृत कार्यक्रमअनुसार जिल्लाभरि गरिएको नामावली छानबिनका क्रममा दोहोरो दर्ता भएका, मृत्यु भएका र नागरिकता परित्याग गरेका व्यक्तिको नाम हटाइएको हो ।

उनले भने, 'यही असोज १ गते नामावली प्रकाशन गरी २ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०८३ बमोजिम स्थानीय तहबाट मृत्यु भएका व्यक्तिको विवरण र जिल्ला प्रशासन कार्यालयबाट नागरिकता त्यागसम्बन्धी विवरण मागगरी मतदाता नामावलीबाट नाम हटाइएको हो ।'

कार्कीका अनुसार दोहोरो दर्ता भएका एक हजार ९४३, मृत्यु भएका एक हजार ३८० र नागरिकता परित्याग गरेका ३९ जनाको नाम मतदाता नामावलीबाट हटाइएको छ ।

हटाइएका मतदाताको नाम, ठेगाना र मतदाता परिचयपत्र नम्बरसहितको विस्तृत विवरण कार्यालयले सार्वजनिक गरेको उनले जानकारी दिए । हटाइएका नामका सम्बन्धमा कुनै दाबीविरोध वा जिज्ञासा भए आवश्यक प्रमाणसहित कार्यालय समयमा जिल्ला निर्वाचन कार्यालय, चितवनमा सम्पर्क गर्न अनुरोध गरिएको उनले बताए ।

कूल चार लाख ४२ हजार ८२ जना मतदाता रहेको जिल्लामा अद्यावधिकसहित अन्तिम मतदाता नामावली भने यसै महिनाको अन्त्यमा प्रकाशन गरिने कार्यालयले जनाएको छ ।

# चाडपर्वमा रगतको अभाव हुन नदिन रक्तदान




**सिन्धुपाल्चोक (प्रस)–** चाडपर्वको समयमा हुन सक्ने रगतको अभावलाई मध्यनजर गर्दै सिन्धुपाल्चोकको चौतारामा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा सात महिलासहित ३४ जनाले रक्तदान गरेका छन् ।

दसैं, तिहारजस्ता ठूला चाडपर्वका बेला दुर्घटना तथा अन्य आकस्मिक स्वास्थ्य समस्याका कारण रगतको माग बढ्न सक्ने भएकाले रगतको उपलब्धता सहज बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) जिल्ला शाखा सिन्धुपाल्चोकका अध्यक्ष सुरेश कसजूले जानकारी दिए । 'चाडपर्वको समयमा नियमित रक्तदान कार्यक्रम कम हुन सक्ने र बिरामीलाई आवश्यक पर्ने रगतको आपूर्तिमा समस्या आउन सक्ने अवस्थालाई ध्यानमा राख्दै रक्तदान कार्यक्रमको आयोजना गरेका हौं,' उनले भने ।

रक्तदानबाट संकलित रगतले आवश्यक परेका बिरामीको उपचारमा सहयोग पुग्ने अपेक्षा गरेको चौतारा रक्तसञ्चार सेवा केन्द्रको सञ्चालक संस्था नेपाल रेडक्रस सोसाइटी सिन्धुपाल्चोकका मन्त्री कमलचरण कक्षपतिले बताए । 'रक्तदानलाई केवल सामाजिक सेवासँग मात्र नजोडी मानवीय जिम्मेवारीका रूपमा पनि लिनुपर्ने हुन्छ,' उनले भने, 'विशेषगरी चाडपर्वको समयमा रगतको माग र आपूर्तिबीच सन्तुलन कायम राख्न यस्ता कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।'

कार्यक्रम सिन्धुपाल्चोक खेलकुद विकास समितिको आयोजना र ब्लोदान जिल्ला शाखा, चौतारा अस्पताल र चौतारा रक्तसञ्चार सेवा केन्द्रको समन्वयमा गरिएको थियो ।

# कटहरिया नगरपालिकामा फेरि तालाबन्दी

## १५ महिनादेखि तलब नपाएको कर्मचारीको गुनासो

■ **रमेशकुमार यादव**




**रौतहट–** रौतहटको कटहरिया नगरपालिकामा तालाबन्दी गरिएको छ । नगरपालिकामा कार्यरत करार तथा ज्यालादारीका कर्मचारीले लामो समयदेखि तलब नपाएको भन्दै तालाबन्दी गरेका हुन् ।

पटक-पटक आन्दोलन र तालाबन्दी गर्दै आए पनि समस्या समाधान हुन नसक्दा उनीहरू पुनः आन्दोलनमा उत्रिएका छन् । बडादसैंलगायतका चाड नजिकिँदै गर्दा पनि तलब भुक्तानी हुने कुनै संकेत नदेखिएपछि कर्मचारीहरूले शुक्रबार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामविनय सिंहको कार्यकक्षसहित विभिन्न शाखामा तालाबन्दी गरेका छन् । लामो समयदेखि तलबको प्रतीक्षामा रहेका कर्मचारीले पटक-पटक आश्वासन पाए पनि व्यवहारमा तलब नपाएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको बताएका छन् ।

नगरपालिकामा कार्यरत करार तथा ज्यालादारीका कर्मचारीले आफूहरूले नियमितरूपमा काम गर्दै आए पनि पारिश्रमिक नपाउँदा दैनिक घरखर्च चलाउनसमेत कठिनाइ भइरहेको गुनासो गरेका छन् । दसैं नजिकिएसँगै परिवारका सदस्यका लागि नयाँ कपडा किन्ने, मीठो खानेकुरा खाने तथा चाडपर्व मनाउने सामान्य चाहनासमेत पूरा गर्न नसक्ने अवस्था आएको उनीहरूको भनाइ छ ।

### १५ महिनादेखि तलब नपाएको कर्मचारीको गुनासो

नगरपालिकामा कार्यरत करारका कर्मचारी रञ्जित यादवले आफूहरू १५ महिनादेखि तलब नपाएर आर्थिक समस्यामा परेको बताए । लामो समयदेखि तलब नपाए पनि आज-भोलि भुक्तानी हुन्छ भन्ने आशामा काम गर्दै आएको उनले सुनाए । यादवका अनुसार प्रमुख प्रशासकीय अधिकृत सिंहले कर्मचारीको समस्या बुझेर तलब भुक्तानी गर्ने आश्वासन दिएका थिए । तर, तलब पाउने आशा गरिरहेका बेला प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएपछि फेरि भुक्तानी प्रक्रिया अन्योलमा परेको उनको भनाइ छ ।

'हामी १५ महिनादेखि आफ्नो पेट काटेर काम गरिरहेका छौं । आज-भोलि तलब आउँछ भन्ने आशामा बस्दै आएका थियौं । तर, दसैंको मुखमा आएर हाकिमको सरुवा भएपछि फेरि हाम्रो तलब भुक्तानी नहुने हो कि भन्ने चिन्ता बढेको छ,' यादवले आक्रोश व्यक्त गर्दै भने । उनले लामो समयदेखि तलब नपाउँदा आर्थिक अवस्था कमजोर हुँदै गएको र चाडपर्वको समयमा थप समस्या झेल्नुपरेको बताए । पटक-पटक आग्रह गर्दा पनि समस्या समाधान नभएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको उनको भनाइ छ ।

### परिवारको खुसीसमेत खोसिएको कर्मचारीको दुखेसो

अर्का करारका कर्मचारी राजीव यादवले आफूहरू इमानदारीपूर्वक काम गर्दा पनि पारिश्रमिक नपाउने अवस्थाले आजित बनाएको बताए । काम गरेबापत पाउनुपर्ने तलबका लागि पटक-पटक आन्दोलन गर्नुपर्ने अवस्था आउनु दुःखद भएको उनले बताए । 'हाम्रो पनि घरपरिवार छ, बालबालिका छन् । हामीलाई पनि दसैंमा आफ्ना छोराछोरीका लागि कपडा किनिदिऊँ, परिवारसँग बसेर मीठो खानेकुरा खाऔं र खुसीसाथ चाडपर्व मनाऔं भन्ने इच्छा हुन्छ । तर, नगरपालिकाले हाम्रो आशालाई सधैं निराशामा परिणत गर्ने गरेको छ,' यादवले दुखेसो पोखे । उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत सिंहले तलब उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए । तर, भुक्तानी हुने अपेक्षा गरिएको समयमा नै उनको सरुवा भएपछि कर्मचारी थप अन्योलमा परेका छन् ।

नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि कर्मचारीको समस्या बुझ्न, आवश्यक कागजात अध्ययन गर्न र भुक्तानी प्रक्रिया अघि बढाउन थप समय लाग्न सक्ने चिन्ता उनीहरूले व्यक्त गरेका छन् । यसले गर्दा दसैंअघि तलब पाउने सम्भावना झन् कमजोर भएको उनीहरूको बुझाइ छ । कर्मचारीहरूले लामो समयसम्म काम गरेको पारिश्रमिक नपाउनु अन्यायपूर्ण भएको भन्दै तलब भुक्तानी नभएसम्म तालाबन्दी नखोल्ने अडान लिएका छन् । उनीहरूले तत्काल तलब भुक्तानीको व्यवस्था गर्न र आगामी दिनमा यस्तो समस्या दोहोरिन नदिन नगरपालिकाको नेतृत्वसँग माग गरेका छन् ।

### नगरप्रमुख भन्छन्- कार्यपालिका बैठकबाटै तलब खुवाउने निर्णय भएको हो

नगरपालिकाका नगरप्रमुख अजय प्रकाश जैसवालले करार तथा ज्यालादारीका कर्मचारीको तलब भुक्तानी गर्न कार्यपालिका बैठकबाटै निर्णय गरिएको बताए । उनका अनुसार यसअघि पनि आफूले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्न बजेट छुट्याएर आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएका थिए । तर, प्रमुख प्रशासकीय अधिकृतहरूले विभिन्न बहाना बनाउँदै भुक्तानी प्रक्रियामा ढिलाइ गरेको उनको आरोप छ ।

'हामीले कार्यपालिका बैठकबाटै करार तथा ज्यालादारीका कर्मचारीलाई तलब खुवाउने निर्णय गरेका हौं । यसअघि पनि सबै कर्मचारीको पैसा भुक्तानी गर्न बजेट छुट्याएर दिन भनेको थिएँ । तर, प्रमुख प्रशासकीय अधिकृतहरूले आज गरिदिन्छौं, भोलि गरिदिन्छौं भन्दै टार्दै आएका छन्,' नगरप्रमुख जैसवालले भने । उनको भनाइले कर्मचारीको तलब भुक्तानीको विषय नगरपालिकाभित्र लामो समयदेखि विवादित रहँदै आएको देखाउँछ । यद्यपि, तलब भुक्तानीमा ढिलाइ हुनुको वास्तविक प्रशासनिक तथा आर्थिक कारणबारे विस्तृत विवरण सार्वजनिक भएको छैन ।

### प्रमुख प्रशासकीय अधिकृतको सरुवापछि थप अन्योल

नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रामविनय सिंहको सरुवा भएपछि उनको स्थानमा कमल ज्ञवाली आउने भएपछि कर्मचारीको तलब भुक्तानीको विषय थप अन्योलमा परेको बताइएको छ । कर्मचारीहरूका अनुसार नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि उनीहरूको समस्या बुझ्न तथा भुक्तानी प्रक्रिया अघि बढाउन थप समय लाग्न सक्छ । लामो समयदेखि तलब नपाएका कर्मचारीका लागि दसैंको मुखमा देखिएको यो अन्योल थप पीडादायी बनेको छ । स्थानीय तहमा कर्मचारीको पारिश्रमिक समयमै भुक्तानी हुनु प्रशासनिक जिम्मेवारीसँगै कर्मचारीको आर्थिक सुरक्षासँग पनि जोडिएको विषय हो । लामो समयसम्म तलब नपाउँदा कर्मचारीको मनोबल घट्ने, दैनिक जीवन प्रभावित हुने र कार्यालयको सेवा प्रवाहमासमेत असर पर्न सक्ने देखिन्छ ।

### दसैंअघि तलब पाउने आशामा कर्मचारी

नगरपालिकामा पटक-पटक तालाबन्दी र आश्वासनको शृंखला दोहोरिँदै गए पनि कर्मचारीको समस्या स्थायीरूपमा समाधान हुन सकेको छैन । यसअघि पनि तलबको माग गर्दै आन्दोलन गर्नुपरेको कर्मचारीको भनाइ छ । यसपटक पनि दसैंको मुखमा तालाबन्दी भएपछि नगरपालिकाको दैनिक प्रशासनिक कामकाज प्रभावित हुने सम्भावना बढेको छ ।

कर्मचारीले भने आफ्नो माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन् । अब नगरपालिकाको नेतृत्व, प्रशासनिक प्रमुख तथा सम्बन्धित निकायले कर्मचारीको तलब भुक्तानीसम्बन्धी समस्या कसरी समाधान गर्छन् भन्ने चासो बढेको छ । कार्यपालिका बैठकबाट निर्णय भएको भनिएको विषय कार्यान्वयन गर्दै कर्मचारीलाई बक्यौता तलब उपलब्ध गराउन सकेमात्र उनीहरूको समस्या समाधान हुने देखिन्छ । दसैंजस्तो पारिवारिक मिलन, खुसी र उत्साहको पर्वमासमेत आफ्नो श्रमको पारिश्रमिक नपाएर आन्दोलन गर्न बाध्य कर्मचारीको अवस्थाले स्थानीय तहको प्रशासनिक व्यवस्थापनमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९५७०० | प्रति तोला - ० | प्रति तोला - ४४०५ |



भेंडा च्याङ्ग्रा | दसैं नजिकिएसँगै मुस्ताङबाट पोखरा ल्याइपुऱ्याएका भेडाच्यांग्रा। हरेक वर्ष दसैंमा मुस्ताङबाट म्याग्दी, पर्वत हुँदै पैदलमार्गमार्फत ल्याइने भैँडाच्यांग्रा पोखरा–१ स्थित जौबारी, याम्दीमा बिक्रीका लागि राखिन्छ। *तस्बिर: रासस*

गृहमन्त्री-उद्योगीबीच भेटवार्ता

## बिमस्टेकमा नेपाल–भारत व्यापार र सीमा व्यवस्थापनका मुद्दा उठाइने

■ प्रभाव संवाददाता



**काठमाडौं** – गृहमन्त्री सुधन गुरुङले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) स्तरीय गृहमन्त्रीहरूको बैठकमा सहभागी हुन जानुअघि नेपालका शीर्ष उद्योगी तथा व्यवसायीहरूसँग छलफल गरेका छन्।

बिमस्टेक बैठकमा नेपालको तर्फबाट उठाउनुपर्ने व्यापार, सीमा व्यवस्थापन तथा उद्योग-व्यवसायसँग सम्बन्धित व्यावहारिक विषयहरू बुझ्न र एजेन्डा तय गर्न शुक्रबार गृहमन्त्रीले निजी क्षेत्रसँग अन्तरक्रिया गरेका हुन्।

सांसद तथा उद्योगी विदूषी राणाका अनुसार, उक्त छलफल विशेषगरी नेपाल र भारतबीच व्यापार गर्ने व्यापारी तथा उद्योगीहरूसँग केन्द्रित थियो। 'गृहमन्त्रीज्यूले नेपाल-भारत क्रस-बोर्डर (सीमा वारपार) मा भइरहेका समस्या र दुई देशबिचको व्यापारिक अवस्थाबारे जानकारी लिनुभएको हो,' सांसद राणाले भनिन्, 'नेपाल र इन्डियाको बिजनेसमा के-कस्ता व्यावहारिक कठिनाइहरू छन् भनेर उहाँले चासो राख्नुभएको थियो।' गृह मन्त्रालयले बिमस्टेक बैठकमा नेपालको तर्फबाट ठोस र व्यावहारिक मुद्दाहरू प्रस्तुत गर्नका लागि पूर्वतयारी स्वरूप यो छलफल आयोजना गरेको बुझिएको छ।

छलफलमा निजी क्षेत्रको प्रतिनिधित्व गर्दै करिब ३० जना प्रतिष्ठित उद्योगी तथा व्यवसायीहरूको सहभागिता रहेको थियो। सांसद राणाले दिएको जानकारीअनुसार बैठकमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाललगायतका व्यावसायिक नेतृत्वको उपस्थिति थियो।

त्यसैगरी, नेपालका प्रख्यात उद्योगीहरू शेखर गोल्छा, सुरज वैद्य, राजेन्द्र कुमार खेतान, अरुण चौधरी, रितेश गोल्छा, दिपक मलहोत्रा, कुशकुमार जोशीलगायतले गृहमन्त्रीसँगको अन्तरक्रियामा भाग लिँदै व्यापार सहजीकरण र सीमा व्यवस्थापनका विषयमा आफ्ना सुझावहरू राखेका थिए।

गृहमन्त्री सुधन गुरुङ असोज २६ गते भारत जाँदैछन्। गृहमन्त्री नियुक्त भएपछि गुरुङको यो पहिलो विदेश भ्रमण हुनेछ।

## 'इन्टरनेटको शुल्क बढेको छैन, बढी शुल्क लिए कारबाही हुन्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवाको शुल्क वृद्धि नभएको स्पष्ट पार्दै स्वीकृत दरभन्दा बढी शुल्क लिने तथा उपभोक्तालाई मर्कापर्ने गरी अनधिकृत रूपमा सेवा सञ्चालन गर्ने प्रदायकमाथि कारबाही गर्ने चेतावनी दिएको छ।

इन्टरनेट सेवाको शुल्क बढेको भन्दै विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै प्राधिकरणले हालै इन्टरनेट तथा इमेल सेवा प्रदायकबाट शुल्क वृद्धि गर्ने कुनै प्रस्ताव प्राप्त नभएको र आफूले पनि शुल्क बढाउन स्वीकृति नदिएको स्पष्ट पारेको हो।

> प्राधिकरणले तोकेको निर्देशिका बमोजिम शुल्क निर्धारण गरी लागू हुने मितिसमेत उल्लेख गरेर कम्तीमा तीन महिनाअघि स्वीकृतिका लागि पेस गर्नुपर्ने प्रावधान स्मरण गराएको छ।

प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकले सेवा उपलब्ध गराएबापत लिने शुल्क उचित र मनासिब हुनुपर्ने उल्लेख गरेको छ। प्राधिकरणले तोकेको निर्देशिकाबमोजिम शुल्क निर्धारण गरी लागू हुने मितिसमेत उल्लेख गरेर कम्तीमा तीन महिनाअघि स्वीकृतिका लागि पेस गर्नुपर्ने प्रावधान स्मरण गराएको छ।

प्राधिकरणबाट स्वीकृत शुल्क दर सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने, स्वीकृत दरभन्दा बढी शुल्क लिन, पूर्वस्वीकृतिबिना शुल्क वृद्धि गर्न तथा उपभोक्तालाई मर्का पर्ने गरी अनधिकृत रूपमा सेवा सञ्चालन गर्न नपाइने वैधानिक व्यवस्थाबारे सचेत गराउँदै प्राधिकरणले नियमविपरीत गतिविधि गरेमा दूरसञ्चार ऐन तथा नियमावलीबमोजिम सेवा प्रदायकमाथि कारबाही गरिने चेतावनी दिएको छ।

## 'नेपालमा उत्पादित विद्युत् नेपालमै खपत गर्नुपर्छ'

**काठमाडौं (प्रस)**– पूर्वसचिव तथा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का प्रमुख विज्ञ सल्लाहकार दिनेशकुमार घिमिरेले नेपालमा उत्पादित विद्युत् आन्तरिक खपतमा नै जोड दिनुपर्ने बताएका छन्। इप्पान र क्यानडा फर लोकल इनिसिएटिभले आयोजना गरेको नेपालको हरित भविष्य निर्माणसम्बन्धी नियमित 'फ्राइडे फोरम' कार्यक्रममा उनले उक्त कुरा बताएका हुन्।

अन्तरदेशीय विद्युत् निर्यातको भर गरेर मात्रै विद्युत् उत्पादनमा जोड दिन नहुने उनले स्पष्ट पारे। तत्कालका लागि भने भारत र बंगलादेशमा विद्युत् निर्यात गर्नु बाध्यता रहेको बताउँदै उनले दीर्घकालीन रूपमा भने निर्यातको भर पर्न नहुने उल्लेख गरे। प्रसारण पूर्वाधार निर्माण गरेर नेपालभित्रै आन्तरिक खपत बढाउनुपर्नेमा उनको जोड थियो। नेपालको आन्तरिक खपतका लागि हालको विद्युत् माग वास्तविक सम्भावनाभन्दा कम रहेको उनले बताए।

प्रसारण पूर्वाधार, औद्योगिक करिडोर र अन्य विद्युत् खपत बढाउने संरचना निर्माण हुन नसक्दा माग खुम्चिएको घिमिरेको भनाइ छ। उनले विद्युत् खपत बढाउन विद्युतीय यातायात, सार्वजनिक यातायातको विद्युतीकरण तथा घरायसी खाना पकाउने र ताप उत्पादनका लागि विद्युत्को प्रयोग विस्तार गर्नुपर्नेमा जोड दिए। यसबाट उत्पादित विद्युत् देशभित्रै खपत गर्न सकिने उनले बताएका छन्।

कार्यक्रममा बोल्दै पूर्वसचिव घिमिरेले भने, 'अहिलेको मुख्य समस्या उत्पादन भएको विद्युत्को व्यवस्थापन गर्नु हो। देशभित्रको प्रसारण र वितरण संरचना पर्याप्त नहुँदा उत्पादित विद्युत् उपयोग हुन सकेको छैन। निर्यात गर्न पनि हाम्रा आफ्नै चुनौती र प्रसारण अवरोधहरू छन्। हाम्रो विद्युत्को आन्तरिक माग अहिले २५-३० सय मेगावाटको हाराहारीमा हुनु वास्तविक नभई दबाइएको माग हो। पूर्वाधार बनाउन सकेमा आजै हाम्रो माग ५ देखि ६ हजार मेगावाटसम्म पुग्छ। त्यसैले हामीले आन्तरिक माग विस्तारमा ध्यान केन्द्रित गर्नुपर्छ।'

यसैगरी उनले जलाशययुक्त आयोजना र सौर्य ऊर्जाको विकासमा ध्यान दिन आवश्यक रहेको उल्लेख गरे। तत्कालीन प्राथमिकताका रूपमा ठूला क्षमताका सौर्य विद्युत् आयोजना र ब्याट्री ऊर्जा भण्डारण प्रणाली (बीईएसएस) को विकासलाई अघि बढाउनुपर्ने उनको सुझाव छ।

## बेंसीसहर-चामे सडक स्तरोन्नति गर्न तीन अर्ब लागत अनुमान

**लमजुङ**– बाढीपहिरोले क्षति पुऱ्याएको बेँसीसहर-चामे खण्डका संरचना, पक्की सडक तथा पुल निर्माणका लागि रु एक अर्ब आवश्यक पर्ने भएको छ। बेँसीसहरबाट चामेसम्मको सडकको समग्र स्तरोन्नतिका लागि भने रु तीन अर्ब लागत अनुमान गरिएको छ।

डुम्रे-बेँसीसहर-चामे सडक आयोजनाले दुवै कामका लागि छुट्टाछुट्टै प्रस्ताव सम्बन्धित मन्त्रालयमा पठाएको आयोजना प्रमुख सतीश सुवेदीले बताए। उनका अनुसार असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले ६५ किलोमिटर लामो बेँसीसहर-चामे सडकका ३५ भन्दा बढी स्थानमा क्षति पुऱ्याएको थियो। तीमध्ये छ स्थानमा सडकको ट्र्याक क्षतिग्रस्त भएको थियो।

रामबजार, नासोँ गाउँपालिका-३ को खोत्रो तथा मनाङको कोतोलगायत स्थानमा बढी क्षति पुगेको आयोजना प्रमुख सुवेदीले बताए। विभिन्न स्थानका काठे पुलसमेत बगाएको थियो। बाढीपहिरोका कारण छ दिनसम्म सडक अवरुद्ध भएको थियो। सडक खुलाउन विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्नुपरेको थियो।

'नासोँ गाउँपालिका-३ स्थित खोत्रोमा माथिबाट खसेका ठूला ढुङ्गा बम ब्लास्टिङ गरी हटाएपछि सडक सञ्चालनमा ल्याइएको थियो। हाल सडक सञ्चालनमा रहे पनि विभिन्न स्थानमा मर्मत तथा स्तरोन्नति गर्नुपर्ने छ', आयोजना प्रमुख सुवेदीले भने। बाढीपहिरोबाट क्षतिग्रस्त स्थानमा सडक सुधार गरी पक्की सडक निर्माण तथा बगाएका काठे पुलको स्थानमा पक्की पुल बनाउन रु एक अर्ब आवश्यक पर्ने अनुमान गरिएको उनले जानकारी दिए।

> बाढीपहिरोले क्षति पुऱ्याएको बेँसीसहर-चामे खण्डका संरचना, पक्की सडक तथा पुल निर्माणका लागि रु एक अर्ब आवश्यक पर्ने भएको छ। बेँसीसहरबाट चामेसम्मको सडकको समग्र स्तरोन्नतिका लागि भने रु तीन अर्ब लागत अनुमान गरिएको छ।

सोहीअनुसार बजेट माग गर्दै केही दिनअघि सम्बन्धित मन्त्रालयमा प्रस्ताव पठाइएको सुवेदीले उल्लेख गरे। हाल उपलब्ध स्रोतसाधनबाट सडकका विभिन्न स्थानमा सामान्य मर्मत तथा स्तरोन्नति भइरहेको उनले बताए। बाढीपहिरोपछि सडक खुलाउन आयोजना, स्थानीय तह तथा जलविद्युत् आयोजनाका डोजरलगायत उपकरण परिचालन गरिएको थियो।

यसैगरी, तीन वर्षअघि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) अनुसार बेँसीसहरबाट चामेसम्मको सडकको समग्र स्तरोन्नतिका लागि रु तीन अर्ब लागत अनुमान गरिएको आयोजना प्रमुख सुवेदीले जानकारी दिए। सडक कालोपत्र, आवश्यक स्थानमा ढलान तथा पक्की पुल निर्माणसहित स्तरोन्नति गर्ने लक्ष्य राखिएकाले डिपीआरअनुसार बजेट माग गर्दै मन्त्रालयमा प्रस्ताव पठाइएको आयोजना उनले बताए।

प्रमुख सुवेदीका अनुसार रु तीन अर्ब उपलब्ध भए सडकको समग्र स्तरोन्नतिसँगै बाढीपहिरोबाट क्षति पुगेका स्थानको सुधार तथा पुनर्निर्माणसमेत गर्न सकिनेछ। रु एक अर्ब उपलब्ध भए तत्काल क्षति पुगेका स्थानमा पक्की सडक तथा पुल निर्माण अघि बढाउन सकिने उनले बताए। बेँसीसहर-चामे सडक लमजुङ र मनाङलाई जोड्ने प्रमुख मार्ग हो। सडकको स्तरोन्नति तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणले यातायात आवागमन सहज बनाउनुका साथै स्थानीय बासिन्दा, पर्यटक र दैनिक उपभोग्य सामग्रीको ढुवानीमा समेत सहजता ल्याउने अपेक्षा गरिएको छ। *रासस*

## टेलिकमको दसैं, तिहार अफर

■ प्रभाव संवाददाता




**काठमाडौं**– नेपाल टेलिकमले दसैं, तिहार तथा छठका अवसरमा आफ्ना ग्राहकका लागि इन्टरनेट जडानमा छुट, बोनससहितको वार्षिक इन्टरनेट प्याकेज तथा सहुलियत दरका मोबाइल डाटा र भ्वाइस प्याकेजसहितको 'दसैं-तिहार अफर २०८३' सार्वजनिक गरेको छ।

कम्पनीले एक प्रेस विज्ञप्तिअनुसार नयाँ 'फाइबर टु द होम (एफटिटीएच) प्याकेज लिने गर्ने ग्राहकले जडान शुल्कमा छुट पाउनेछन् भने मोबाइल सेवाका ग्राहकले विभिन्न दरका डाटा, भ्वाइस तथा सन्देश प्याकेज खरिद गर्न सक्नेछन्।

टेलिकमका प्रवक्ता डा. कमल लामिछानेका अनुसार यही असोज २५ गतेदेखि आगामी कात्तिक ३० गतेसम्म नयाँ एफटिटीएच प्याकेज जडान गर्ने ग्राहकलाई रु ५०० जडान शुल्क मिनाहा गरिनेछ। त्यस्तै, १००, १५० र २०० एमबिपिएस क्षमताका नयाँ वार्षिक प्याकेज खरिद गर्ने ग्राहकले एक महिना थप सेवा पाउने उनले जानकारी दिए। यसअनुसार ग्राहकले १२ महिनाको शुल्कमा १३ महिनासम्म इन्टरनेट सेवा उपयोग गर्न सक्नेछन्। बोनसका रूपमा उपलब्ध हुने मोबाइल डाटा पनि १३ महिनासम्म उपलब्ध हुनेछ।

भर्चुअल सेट-टप बक्ससहितको प्याकेज लिने ग्राहकका लागि रु एक हजार छुटको सुविधा यसअघि उपलब्ध रहेको कम्पनीले जनाएको छ। मोबाइल डाटामा रु ४९९ र रु ६९९ का प्याकेजअन्तर्गत जिएसएम मोबाइल सेवाका ग्राहकका लागि रु ४९९ मा पाँच जिबी दैनिक उच्चगतिको डाटासहितको 'फेस्टिभल अनलिमिटेड' र रु ६९९ मा १० जिबी दैनिक उच्चगतिको डाटासहितको 'फेस्टिभल अनलिमिटेड प्रिमियम' प्याकेज उपलब्ध हुनेछन्।

कम्पनीका अनुसार रु ४९९ को प्याकेजमा प्रतिदिन पाँच जिबी डाटा खपत भएपछि बाँकी समयावधिमा दुई एमबिपिएस गतिमा असीमित डाटा प्रयोग गर्न सकिनेछ। त्यसैगरी, रु ६९९ को प्रिमियम प्याकेजमा प्रतिदिन १० जिबी डाटा खपत भएपछि बाँकी समयावधिमा तीन एमबिपिएस गतिमा असीमित डाटा प्रयोग गर्न सकिने व्यवस्था गरिएको प्रवक्ता लामिछानेले बताए।

टेलिकमले भ्वाइस तथा सन्देश सेवामा पनि सहुलियत दरका प्याकेज ल्याएको छ। यसअन्तर्गत रु २०० मा सबै नेटवर्कमा प्रयोग गर्न मिल्ने एक हजार मिनेटको 'जोयफुल मिनेट्स' प्याकेज उपलब्ध हुनेछ। त्यस्तै, रु ९९ मा आफ्नै नेटवर्कभित्र एक हजार एसएमएस पठाउन सकिने 'फेस्टिभ म्यासेज' प्याकेज पनि खरिद गर्न सकिनेछ। यी मोबाइल प्याकेजको समयावधि ३० दिनको हुनेछ।

कम्पनीका अनुसार कात्तिक ३० गतेसम्म मोबाइलमार्फत प्याकेज खरिद गर्ने ग्राहकले उक्त अफरअन्तर्गतका सुविधा प्राप्त गर्न सक्नेछन्। ग्राहकले आफ्नो मोबाइलबाट ८१४१५८११३ डायल गरेर वा नेपाल टेलिकमको मोबाइल एप प्रयोग गरी आफूलाई आवश्यक प्याकेज खरिद गर्न सक्नेछन्।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ